# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३५८ | काठमाडौं | बुधबार, १० वैशाख २०८२ | Prabhab National Daily | Wednesday, April 23 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# ओलीको अडानले अस्तव्यस्त शिक्षा क्षेत्र



■ जेबी योञ्जन

**काठमाडौं–** शिक्षकहरूको माग सम्बोधन गर्न सरकार जिम्मेवार बन्न नसक्दा मुलुकको शिक्षा क्षेत्र अस्तव्यस्त बनेको छ । पेलेरै आन्दोलन मत्थर बनाउने प्रधानमन्त्री केपी शर्मा ओलीको गलत अडानले एकपछि अर्को समस्या निम्त्याइरहेको छ । समस्या समाधानमा उनी गैरजिम्मेवार देखिएका छन्, जसकारण उनको सार्वजनिकरूपमा आलोचना बढ्दो छ ।

२१ दिनदेखि काठमाडौंको सडकमा आन्दोलनरत शिक्षकहरूलाई चर्को आलोचना गरेर बिच्काएपछि विद्यालय नफर्किंदा कक्षा १२ को परीक्षा सार्नुपर्ने अवस्थामा राष्ट्रिय परीक्षा बोर्ड पुग्यो । अब आज नयाँ परीक्षा तालिका प्रकाशन गर्ने बोर्डले जनाएको छ । बोर्डका अध्यक्ष महाश्रम शर्माले परीक्षा सञ्चालन गर्न शिक्षक आन्दोलनले गर्दा कठिन भएको बताए । त्यही भएर परीक्षा वैशाख २१ गतेबाट सुरु गर्ने गरी स्थगित गर्नुपर्ने अवस्थामा आइपुगेको उनले प्रभावलाई बताए ।

यसअघि बोर्डले राज्यका तीनवटै तहको संयन्त्र प्रयोग गरेर कक्षा १२ को परीक्षा गर्ने तयारी गरिरहेको जनाएको थियो । त्यसबेला आन्दोलनरत शिक्षकहरूले परीक्षा सञ्चालनमा सहयोग नगर्ने बताएका थिए । नभन्दै सरकार कक्षा १२ को परीक्षा सञ्चालनभन्दा पनि स्थगन गर्न सरकार बाध्य भयो ।

प्रभानमन्त्री ओलीले सोमबार शिक्षकहरूलाई होच्याउँदै भनेका थिए, 'के शिक्षा ऐन सडकबाट बन्ने हो र ?' यसअघि उनले ५२ प्रतिशत विद्यार्थी फेल गर्ने शिक्षकहरूको सेवासुविधाको माग सम्बोधन गर्न नसकिने बताएका थिए । प्रधानमन्त्री ओलीको यस्तो अभिव्यक्तिले शिक्षकहरूलाई थप आक्रोशित बनाएको छ ।

- कक्षा १२ को परीक्षा अन्तिम समयमा स्थगित
- शिक्षकलाई बाइपास गरेर परीक्षा सञ्चालन गरिछाड्ने ओलीको प्रयास निजामती कर्मचारीको असहयोगले विफल
- शिक्षकको माग सम्बोधनमा गम्भीर बन्नुको सट्टा निरन्तर गैरजिम्मेवार अभिव्यक्ति
- शिक्षामन्त्रीको राजीनामासँगै चौतर्फी ओलीको आलोचना

उनको उपेक्षा र असहयोगका कारण शिक्षामन्त्री विद्या भट्टराईले सोमबार पदबाट राजीनामा दिइन् । भट्टराईलाई प्रधानमन्त्री ओलीबाट नै असहयोग भएको कुरा नेकपा एमालेभित्रबाटै उठ्न थालेको छ । एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले विद्या सक्षम, इमानदार, नैतिकता उच्च भएको एउटा असल नेता भएको कारणले शिक्षामन्त्रीबाट राजीनामा दिनुपरेको हो ? भन्दै प्रश्न गरेकी छन् ।


शाक्यले लेखिन्, 'विद्या भट्टराई सक्षम, इमानदार, नैतिकता उच्च भएको एउटा असल नेता भएको कारणले राजीनामा दिनुपरेको हो ? उहाँलाई सहयोग किन भएन ?' शिक्षक आन्दोलन चलिराखेको बेला मन्त्री भट्टराईले राजीनामा किन दिनुपरेको भन्दै शाक्यले प्रश्न उठाएकी छन् । त्यस्तै, एमाले नेता रचना खड्काले पनि भट्टराईको राजीनामालाई लिएर सामाजिक सञ्जालमा लेखेकी छन्,

क्रमशः पृष्ठ २ मा

# गभर्नर नियुक्ति गिजोलिँदा धरमरमा ओली सरकार

■ प्रभाव संवाददाता

- गभर्नर छनोट गिजोलिएको भन्दै सिफारिस समितिका सदस्यसमेत रहेका पूर्वगभर्नर विजयनाथ भट्टराईद्वारा राजीनामा
- आफ्नैले पार्टी नेतृत्वलाई विश्वास नगरेको भन्दै प्रधानमन्त्री ओलीको गुनासो
- सरकार परिवर्तनको बाहिरी हल्लालाई बल मिल्नेगरी गभर्नर नियुक्ति प्रकरण थप गिजोलिँदै



**काठमाडौं–** नेपाल राष्ट्र बैंकको गभर्नर छनोटका लागि गठन भएको सिफारिस समितिका सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएका छन् । गभर्नर नियुक्तिमा अति राजनीतिकरण भएको भन्दै भट्टराईले मंगलबार समिति संयोजकसमेत रहेका उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई राजीनामा बुझाएका हुन् । समिति गठन भएपछि एकपटक पनि बैठक नबसी सदस्य भट्टराई बाहिरिएका छन् ।

चैत ११ गतेको मन्त्रिपरिषद्ले अर्थमन्त्री पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर सिफारिस समिति गठन गरेको थियो । उक्त समितिमा योजना आयोगका पूर्वउपाध्यक्ष विश्व पौडेल अर्का सदस्य हुन् । भट्टराईले गभर्नर छनोट प्रक्रियामा नगएको र समितिको बैठकसमेत बस्न नसकिरहेको अवस्थामा आफू बस्न अनुकूल नभएको भन्दै राजीनामा दिएको अर्थमन्त्रीको सचिवालयले जनायो ।

चैत २४ देखि नेपाल राष्ट्र बैंक नेतृत्वविहीन छ । तर सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले यो पद आफूनिकटकालाई दिनुपर्ने भन्दै हानथापमा उत्रिएको छ । नेपाली कांग्रेस जसरी पनि गभर्नर आफ्नै क्यान्डिडेटलाई बनाउन चाहेको देखिन्छ । सरकारको नेतृत्व गरिरहेको दल एमाले पनि गभर्नर आफ्नै पोल्टामा राख्न चाहन्छ । यही हानथापका कारण चैत २४ देखि रिक्त गभर्नर पद सरकारले नियुक्त गर्न नसकेको हो । गभर्नरकै कारण सरकारमा हलचल आएको र दुई दलबीच दूरी बढेकोसमेत बताइन्छ ।

आफ्नो सत्ता नै धरापमा परेपछि प्रधामन्त्री केपी शर्मा ओली यसअघि गभर्नर कांग्रेसलाई दिन तयार भएको बताइएको थियो । उक्त पदमा कांग्रेस सभापति शेरबहादुर देउवाले आफूनिकट गुणाकर भट्टलाई अघि सार्ने तयारीसमेत गरेका थिए । यद्यपि छनोट प्रक्रिया नै सुरु नभई भट्टविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । यही मेसोमा कांग्रेस सभापति देउवा बैंकक उडेका छन् । बैंकक उड्दा कतिपयले सरकार परिवर्तनको 'डिल' हुने आशंका गरेका छन् । बिहीबार बसेको कांग्रेस पदाधिकारी बैठकमासमेत यो विषय उठेको थियो । देउवाले सरकार हेरफेरको कुनै शंका नगर्न पदाधिकारी तथा पूर्वपदाधिकारीलाई आश्वस्ता पारेका थिए ।

यद्यपि भट्टराईको राजीनामासँगै बाहिरी आशंकालाई बल मिल्नेगरी गभर्नर नियुक्त थप गिजोलिएको छ । ६५ वर्षे उमेर हद हटाइएको मापदण्ड तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश दिएसँगै गभर्नरको रेसमा रहेका रवीन्द्र पाण्डे, पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्री आउट भइसकेको छन् । गभर्नरको मापदण्डमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ ।

## ओलीको गुनासो– आफ्नैले विश्वास गर्न छाडे

सोमबारमात्र शिक्षामन्त्री विद्या भट्टराईले मन्त्री पदबाट राजीनामा दिएकी थिइन् । भट्टराईले पद छाडेपछि प्रधानमन्त्री ओलीको चौतर्फी विरोध भयो । यद्यपि यो विषयमा ओलीले आफैंले बनाएको मन्त्री हटाउँदा विरोध गर्ने कसैलाई अधिकार नभएको शैलीमा जवाफ फर्काए । 'एउटा मन्त्रीले राजीनामा दियो भनेर खुब प्रचार भयो । किन दिनुभयो भन्दा प्रधानमन्त्रीले बसी खान दिएन रे । मैले बनाएको मन्त्री, मैले काम लगाइराखेको छु । सहयोग गरिराछु, सिकाइराछु,' नेकपा स्थापना दिवसमा काठमाडौंको प्रज्ञा भवनमा आयोजित कार्यक्रममा ओलीले भने ।

स्वास्थ्यका कारणले काम गर्न नसकेपछि राजीनामा दिँदा सबैले आफूविरुद्ध दुश्मनी साँधेको ओलीको गुनासो थियो । 'तर, सबैका हेडलाइन मेराविरुद्ध । अनौठो आश्चर्य लाग्छ, यस्तो दुश्मनी के कारणले ? सबैले एकै ठाउँमा सल्लाह गरेर लेखेजस्तो । योजनाबद्ध ढंगले लेखेजस्तो,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

स्वास्थ्यमन्त्री पौडेलको निर्णय–

# वैदेशिक रोजगारबाट फर्किएका श्रमिकलाई सहिद धर्मभक्तमा बेग्लै ओपिडी वार्ड

- लागत खर्चमा मात्र परीक्षण रिपोर्ट उपलब्ध गराइने
- विदेशमै रहेका श्रमिकलाई हटलाइन र सामाजिक सञ्जालमार्फत परामर्श
- वैदेशिक रोजगार बोर्डलाई नसर्ने रोगसम्बन्धी जानकारीमूलक सामग्रीसमेत उपलब्ध गराउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा रहेका तथा रोजगारीबाट फर्किएका श्रमिकको स्वास्थ्य समस्या समाधानका लागि धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा बेग्लै वार्ड सञ्चालन गर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले श्रमिकको स्वास्थ्य रक्षाका लागि निःशुल्क ओपिडी वार्डको व्यवस्था गर्ने निर्णय गरेका हुन् ।

हालै संयुक्त अरब इमिरेट्सको दुबई पुगेका उनले नेपाली श्रमिकहरूको




**स्वास्थ्यमन्त्री प्रदीप पौडेल र युएईका स्वास्थ्य विभाग अध्यक्ष अल मन्सुरीबीच युएईमा भएको भेटवार्ता ।** *तस्बिरः स्वास्थ्यमन्त्रीको सचिवालय*

उपचार तथा मानसिक स्वास्थ्य परामर्शका लागि निर्णय लिने घोषणा गरेका थिए । उक्त घोषणाको दुई दिनपछि नै सहिद धर्मभक्तमा यसको प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको मन्त्री पौडेलको सचिवालयले जानकारी दिएको छ ।

केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठका अनुसार अब वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको स्वास्थ्य परीक्षणका लागि केन्द्रले बेग्लै निःशुल्क ओपिडी वार्ड स्थापना गर्ने छ । वैदेशिक रोजगारीबाट फर्केका जोकोहीले केन्द्रमा गएर निःशुल्क परीक्षण गराउनसक्ने उनले बताए ।

यसैगरी केन्द्रले वैदेशिक रोजगारीमा जानेका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्ने प्रस्थानपूर्व अभिमुखीकरण तालिममा नसर्ने रोगसम्बन्धी जानकारी र बच्न अपनाउन सकिने उपायबारे जानकारीका लागि विज्ञ चिकित्सक खटाउने भएको छ । वैदेशिक रोजगार बोर्डलाई नसर्ने रोगसम्बन्धी जानकारीमूलक सामग्रीसमेत उपलब्ध गराउने निर्णय केन्द्रले गरेको छ ।

यसैगरी, विदेशमै रहेका बखत देखिएका स्वास्थ्य समस्या समाधानका लागि बेग्लै हटलाइन नम्बर र सामाजिक सञ्जालबाट परामर्श दिनका लागि ड्युटीमा रहेका मेडिकल अधिकृतलाई केन्द्रले खटाउने भएको छ । यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि वैदेशिक रोजगार विभागबाट अनुरोध आएमा लागत खर्चमा मात्र परीक्षण रिपोर्टसमेत उपलब्ध गराउने निर्णय केन्द्रले गरेको छ ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

## ओलीको...

शिक्षकहरू २१औं दिनदेखि काठमाडौंमा आन्दोलनमा छन् । शिक्षकहरू शिक्षा ऐन नलिइ नफर्कने र परीक्षामा पनि सहभागी नहुने अडानमा रहेपछि प्रधानमन्त्री ओली जसरी बिहीबारबाट परीक्षा सञ्चालन गर्ने तयारीमा थिए । यद्यपि उनी अहिले शिक्षकसँग पनि झुकेर परीक्षा १० दिनपछिबाट सुरु हुनेगरी सारेका छन् ।

यस्तो अवस्थामा आफ्नै दलका नेताहरूले आफूलाई विश्वास गर्न छाडेको हो कि भन्दै ओलीले गुनासोसमेत गरे । 'साथीहरूमा अलिकति आत्मविश्वासको कमी भएको हो कि ? एकताको भावनामा हामी कहाँ छौं ? के गर्दै छौं भन्ने बिर्सन खोजेको हो कि ? हाम्रो भाव र उद्देश्य बिर्सन खोजेको हो कि ? साथीहरूलाई लिडरसिपप्रति विश्वासको कमी आएको हो कि ?' आफ्नै दलका नेताहरूलाई ओलीले प्रश्न गरे ।

देउवा उपचारका लागि स्वास्थ्य परीक्षणका लागि बैंकक पुगेकाले यसमा कुनै शंका गर्न नपर्ने ओलीको भनाइ थियो । 'अनि शेरबहादुरजीले कांग्रेस र एमाले मिल्नु हुँदैन भनेर भन्ने मान्छे खोज्न जानुभएको हो बैंकक ?,' प्रधानमन्त्री ओलीले माओवादी अध्यक्ष पुष्पकमल दाहाल लक्षित प्रश्न गरे, 'त्यस्तो मान्छे यहाँ भेट्टाएको छैन ? यहाँ सुन्या छैन त्यस्तो कुरा ?' दाहालले प्राय दैनिकजसो ओली सरकार चाँडै ढल्ने प्रतिक्रिया दिँदै आएका छन् ।

■■■

## ओलीको...

'योग्य वा इमानदारमात्र हुन जति सजिलो छ, योग्य र इमानदार दुवै हुन कयौं गुणा बढी कठिन छ । तपाईं योग्य र इमानदार दुवै हो दिदी ।' एमाले नेता उषाकिरण तिमिल्सेनाले भट्टराईले राजीनामा दिनु घटना भए पनि विद्याहरूलाई टिक्न नदिने अभ्यास भएको टिप्पणी गरेकी छन् । 'विद्या दिदीले राजीनामा दिनु घटना हो तर विद्याहरू टिक्न नसक्नु वा नसक्ने बनाइनु हाम्रो अभ्यासमा गम्भीर समस्या हो,' उनले भनिन् ।

यसअघि प्रधानमन्त्री ओलीले त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजंग बराललाई राजीनामा दिन बाध्य पारेका थिए । बरालका अनुसार उनलाई असहयोग गर्ने, करारका प्राध्यापकलाई स्थायी गराउन दबाब दिने, पछिल्ला दिनमा भने फोन उठाउनै छाडेका थिए । यी कारणले बरालको राजीनामा आएको थियो ।

प्रधानमन्त्री ओलीले नै त्रिविसभामा उपकुलपति बरालले योजना परिषद्, कार्यकारी परिषद्बाट पास भएर प्रि-सभामासमेत छलफल भएको नीति तथा कार्यक्रम रोकिदिएका थिए । उनले भनेका थिए, 'सिद्धान्ततः नीतिअनुसार बजेट आउने हो । नीतिविनाको बजेट पास गरेर उल्टो बाटो भयो । आज विश्वविद्यालयले हाऱ्यो । अरु कसैले जित्यो होला ।'

नीति तथा कार्यक्रम प्रधानमन्त्रीकै दबाबमा मंसिरमा आएर मात्रै पारित गरिएको थियो । त्यसपछि त्रिविका उपकुलपति बराल र प्रधानमन्त्री ओलीबीच विवाद समाधान भएन । राजीनामा दिँदा स्वास्थ्यको कारण देखाइए पनि प्रमुख कारण प्रधानमन्त्री ओलीको दबाब थेग्न नसकेको बताइन्छ । यसअघि उनले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएका थिए ।

ओलीले प्रधानमन्त्री हुनेबित्तिकै उद्योगमा काटिएको विद्युत् लाइन जोड्न प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक घिसिङलाई ठाडो निर्देशन दिए । गत ४ साउनमा डेडिकेटेड तथा ट्रंक लाइन विवादमा काटिएका छ उद्योगको लाइन जोड्न प्रधानमन्त्री ओलीले निर्देशन दिएका थिए । कार्यकारी निर्देशक घिसिङले प्रधानमन्त्री ओलीको मौखिक आदेश कार्यान्वयन गर्न अस्वीकार गरे । घिसिङले सञ्चालक समितिको बैठकबाट निर्णय गर्नुपर्ने जवाफ दिएका थिए । त्यसपछि पनि प्रधानमन्त्री ओलीले शुक्रबार साँझ नै बैठक बसेर निर्णय गर्न भनेका थिए ।

प्रधानमन्त्री ओलीको निर्देशनअनुसार बोर्ड अध्यक्षसमेत रहेका ऊर्जामन्त्री खड्काले बोर्ड बैठक राखेका थिए । तर, ऊर्जामन्त्री खड्काले राखेको बोर्ड बैठकमा पनि कार्यकारी निर्देशक घिसिङले काटिएका उद्योगमा पुनः लाइन जोडिदिने निर्देशन ऊर्जा मन्त्रालयबाटै आउनुपर्ने अडान राखेका थिए । ऊर्जा मन्त्रालय स्रोतका अनुसार कार्यकारी निर्देशक घिसिङले मन्त्रालयले नै निर्देशन दिनुपर्ने भनेर काटिएका उद्योगमा पुनःलाइन जोड्ने निर्णय हुन दिएनन् ।

यसपछि ओली र घिसिङबीच लडाइँ सुरु भयो । आफ्नो निर्देशन पालना गर्न अटेर गरेका घिसिङसँग प्रधानमन्त्री ओली रुष्टमात्र भएनन्, इगो नै लिए । ओलीले सामाजिक सञ्जालमा उल्टै छ अर्ब रूपैयाँमात्र होइन, २२ अर्ब उठाउनुपर्छ, किन नउठाएको भनेर प्रश्न गरेका थिए ।

■■■

## वैदेशिक...

यी निर्णयहरू कार्यान्वयनमा आएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्यमा निरोधात्मक तथा उपचारात्मक दुवै सुधार हुने भएकाले अहिले देखिएको स्वास्थ्य समस्यामा कमी आउने मन्त्रालयको विश्वास रहेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए ।

'वैदेशिक रोजगारीमा जानेहरूको स्वास्थ्यमा देखिएका जटिल समस्याबारे जानकार मन्त्रीज्यूले त्यसमा परिवर्तन ल्याउन केही कार्यक्रम ल्याउने सोच्नुभएको थियो,' उनले भने, 'अहिले धर्मभक्त केन्द्रमार्फत भएको निर्णयले सकारात्मक योगदान दिने छ ।' युएई भ्रमणका क्रममा उनले युएईको स्वास्थ्य विभागका अध्यक्ष अल मन्सुरीसँगसमेत भेटवार्ता गरेका थिए । उक्त भेटवार्ताका क्रममा नेपाली श्रमिकको स्वास्थ्य रक्षामा गर्न सकिने कामबारे छलफल भएको जानकारी दिइएको छ ।

# सगरमाथा आधार शिविरमा पर्यटन विभागको फिल्ड कार्यालय स्थापना

काठमाडौं (प्रस)- सगरमाथा आरोहणलाई व्यवस्थित र नियमन गर्न पर्यटन विभागले सगरमाथाको आधार शिविरमा फिल्ड कार्यालय स्थापना गरेको छ । विभागका निर्देशक लीलाधर अवस्थीले वसन्त ऋतुको सगरमाथा आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक समन्वयका लागि अस्थायी कार्यालय स्थापना गरिएको जानकारी दिए । विभागले अघिल्लो वर्षदेखि आरोहणलाई लक्षित गरी कार्यालय स्थापना गर्दै आएको छ ।

यसपटक पनि वसन्तयामको आरोहण अनुमगन, रिपोर्टिङ र समन्वयका लागि फिल्ड कार्यालय स्थापना गरिएको निर्देशक अवस्थीले बताए । सरकारले सगरमाथा आरोहणका लागि हरेक समूहमा एक जना सम्पर्क अधिकृतसमेत खटाउने गरेको छ । फिल्ड कार्यालयले प्रभावकारी अनुगमनका साथै अनुमति प्रमाणीकरण, नियमन, रिपोर्टिङ प्रोटोकल, आपत्कालीन समन्वय, मुद्दा समाधान, फोहोर व्यवस्थापन निरीक्षणलगायत काम गर्ने छ ।

निर्देशक अवस्थीका अनुसार कार्यालयमा पाँच जना सम्पर्क अधिकृत रहने छन् । यसमा विभागका दुई जना र नेपाल पर्वतारोहण संघ र सगरमाथा प्रदूषण नियन्त्रण समितिका प्रतिनिधि रहने छन् । साथै हिमालयन उद्धार संघले स्वास्थ्य शिविर स्थापना गरेर प्राथमिक उपचारको व्यवस्था गर्ने छ ।

सगरमाथा आरोहणका लागि हालसम्म ३७ आरोही समूहका ३७४ जनाले अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जनाएको छ । विभिन्न हिमाल आरोहणबापत ६४ करोड रूपैयाँ रोयल्टी संकलन भएको छ । सगरमाथाबाट मात्रै ५५ करोड रूपैयाँ रोयल्टी उठेको विभागले जनाएको छ ।


### माइग्रेसन हराएको सूचना

मितिः २०८१/१२/०४ गते मैतीदेवीबाट रत्नपार्क जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : सर्मिला शाही**
**रजिस्ट्रेसन.नं.: ७४६५०५०५४**
**सिम्बोल नं.: ०१७०५६**
**ठेगानाः खत्याड-६, मुगु**
**सम्पर्कः ९८६५३५५४४८**

### माइग्रेसन हराएको सूचना

मितिः २०८१/१२/०४ गते मैतीदेवीबाट इमाडोल जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विक्रम रोकाया**
**रजिस्ट्रेसन.नं.: ७३६५०४०४०**
**सिम्बोल नं.: २६५००२९४**
**ठेगानाः खत्याड-४, मुगु**
**सम्पर्कः ९८६६७६३१६१**

### नाम परिवर्तन सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति २०८२/१/१०

कम्पनी रजिष्ट्रारको कार्यालयको २०८२/०१/०३ बमोजिम यस ब्लुरेन ईन्टरनेशनल बोडिङ स्कूल काठमाण्डौं प्रा.लि. कलंकी-१४ को साविक नाम परिवर्तन भई नागार्जुना विद्या बाटिका प्रा.लि. नार्गाजुन-१० भएको जानकारी सबैमा गराउँदछु ।

### जनज्योति माध्यमिक विद्यालय लालवन्दी, सर्लाहीको
### बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/०१/१०)

यस जनज्योति माध्यमिक विद्यालयले मिति २०८१/१०/२४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित " **सर्भर कम्प्युटर, सि.सि. क्यामेरा तथा अन्य ICT उपकरण खरिद** " - **NCB/Goods/01-2081/082** सूचना अनुसार निर्धारित समयभित्र विधुतिय बोलपत्र **(E-Bidding)** माध्यमबाट प्राप्त बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि सिफारिश भै आए बमोजिम सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि यस विद्यालयको मिति २०८२/०१/०९ गतेको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दाताको नाम ठेगाना | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|
| NCB/Goods /01-2081 /082 | सर्भर कम्प्युटर, सि.सि. क्यामेरा तथा अन्य ICT उपकरण खरिद | ई-एचिभमेन्ट होल्डिङ,न्यूरोड, काठमाडौं | ४,८४५,४७३.९०/- |

### युएइमा रोजगार

कम्पनी : Modest Security Services LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ LT. No. 322389 चलानी नं. ६०२३६४४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 15 | 0 | 1200 | ४४,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic.No.: 1101/073/074
KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

### साउदीमा रोजगार

कम्पनी : BEIJING HUAYU COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०१/०९ LT. No. 322440 चलानी नं. ६०२३६४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1300 | ४७,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059
Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

### युएइमा रोजगार

कम्पनी : YAAZH INIYAN TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ LT. No. 322326 चलानी नं. ६०२३६४४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 2 | 0 | 1200 | ४४,५९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४४,५९१ | | | | | | | |
| 3 | Steel Fixer | 3 | 0 | 1200 | ४४,५९१ | | | | | | | |
| 4 | Tile Layer | 2 | 0 | 1200 | ४४,५९१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1577/079/80
DIVINE POWER H.R. SOLUTION PVT.LTD.
Dhumbarahi, Kathmandu, Nepal, Tel.: +977-01-5913923, 5913924,
Whatsapp: 9705016917, 9857010594, Email: divinehrnepal@gmail.com, Web: www.divinehrnepal.com

### साउदी/कुवेतमा रोजगार

कम्पनी : Ahmed Abdul Mohsen Alsalem Trading Company

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ LT. No. 322404 चलानी नं. ६०२३६४३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 1900 | ६९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Installer | 1 | 0 | 1200 | ४३,६५० | | | | | | | |
| 3 | IT Network Programmer | 1 | 0 | 2200 | ८०,०३० | | | | | | | |
| 4 | Purchaser | 1 | 0 | 2200 | ८०,०३० | | | | | | | |

कम्पनी : Almohra style Factory for Ready-to-wear clothes production

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०९ LT. No. 315355 चलानी नं. ६०२२९६७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration | 0 | 3 | 150 | ६६,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 150 | ६६,७६५ | | | | | | | |
| 3 | Hand Embroiderer | 15 | 0 | 150 | ६६,७६५ | | | | | | | |
| 4 | Tailor | 15 | 0 | 150 | ६६,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

### साउदीमा रोजगार

कम्पनी : AL-ATHIR TRADING FORUM ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ LT. No. 322372 चलानी नं. ६०२३६४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading & uploading worker | 5 | 0 | 1200 | ४३,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बुधबार, १० वैशाख, २०८२

| | |
|---|---|
| **मेष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **वृष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **सिंह** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **धनु** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मकर** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कुम्भ** | रोकिएका काम सम्पादन हुनेछ । |
| **मीन** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० वैशाख, २०८२ (२३, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३५.९१ | १३६.५१ |
| युरो | १ को | १५६.७० | १५७.३९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८१.९३ | १८२.७३ |
| स्विस फ्रैन्क | १ को | १६८.४५ | १६९.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.२७ | ८७.६६ |
| क्यानाडियन डलर | १ को | ९८.३९ | ९८.८३ |
| सिङ्गापुर डलर | १ को | १०४.२१ | १०४.६७ |
| जापानी येन | १० को | ९.६५ | ९.६९ |
| चिनियाँ युआन | १ को | १८.६४ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३६.२३ | ३६.३९ |
| कतारी रियाल | १ को | ३७.२८ | ३७.४५ |
| थाई भाट | १ को | ४.११ | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०० | ३७.१७ |
| मलेसियन रिङेट | १ को | ३१.१० | ३१.२४ |
| दक्षिण कोरियन वन | १०० को | ९.५७ | ९.६२ |
| स्विडिस क्रोनर | १ को | १४.३० | १४.३६ |
| डेनिस क्रोनर | १ को | २०.९९ | २१.०८ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४४.०६ | ४४६.०२ |
| बहराइन दिनार | १ को | ३६०.५७ | ३६२.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# निजामती विधेयकबारे ट्रेड युनियनसँग छलफल



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले प्रस्तावित संघीय निजामती सेवा विधेयकबारे विभिन्न ट्रेड युनियन कर्मचारी संघ संगठनसँग छलफल गरेको छ ।

समितिको मंगलबारको बैठकमा निजामती सेवासँग सम्बन्धित विभिन्न छ वटा ट्रेड युनियनका पदाधिकारीसँग उक्त विधेयकमा समेटिनुपर्ने विषयवस्तु र त्यसको औचित्यबारे जानकारी लिन छलफल गरिएको हो । ट्रेड युनियनका तर्फबाट संघ, प्रदेश र स्थानीय तहमा समायोजन भई गएका कर्मचारीलाई पुनः छनोटका लागि एक पटक अवसर दिन, कुनै पनि पदमा पाँच वर्ष सेवा गरेकालाई एक तह तथा १० वर्ष वा सोभन्दा माथि गरेकालाई एक श्रेणी वृद्धि गरी तह मिलान गर्न सुझाव दिइयो ।

यस्तै, निजामती कर्मचारीको सरुवा प्रणालीलाई चक्रीय र पूर्वानुमान योग्य बनाइनुपर्ने तथा संघ, प्रदेश र स्थानीय तहका जुनसुकै सेवामा रहे पनि खुला-आन्तरिक प्रतिस्पर्धाद्वारा बढुवा भएमा निवृत्तिभरण प्राप्तिमा सेवा अवधि जोड्ने व्यवस्था गर्न सुझाव दिइएको छ । विधेयकमा अस्थायी र करारमा काम गरेका कर्मचारीलाई एकपटक प्रतिस्पर्धाका लागि उमेर हद नलाग्ने गरी सीमित प्रतियोगिताको अवसर प्रदान गरिनुपर्ने तथा त्यसमा सफल नभएकालाई उपदानको व्यवस्था गर्न पनि सुझाव दिइएको छ ।

स्थानीय तह र प्रदेशमा समायोजन भएका वा नियुक्त गरिएका कर्मचारीलाई अन्तरप्रदेश सरुवाको व्यवस्था गर्न तथा स्वास्थ्य र संसद् सेवालाई निजामती सेवामा समावेश गरी विशिष्टीकृत सेवाका रूपमा विकास गर्ने व्यवस्थाका लागि पनि आग्रह गरिएको छ ।

समितिले नेपाल चिकित्सक संघ र संघीय संसद् सचिवालय कर्मचारी युनियनका पदाधिकारीसँग पनि छलफल गरेको थियो । समितिमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल मधेस निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठनका प्रतिनिधिले आ-आफ्ना संगठनका तर्फबाट त्यससम्बन्धी राय सुझाव प्रस्तुत गरे ।

# नेत्रज्योति संघ र प्रहरी अस्पतालबीच समझदारी

**काठमाडौं (प्रस)–** नेपाल नेत्रज्योति संघ र नेपाल प्रहरी अस्पतालबीच आँखा उपचारमा आपसी सहकार्य गर्ने समझदारी भएको छ । मंगलबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा ती संस्थाबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रका अनुसार दुवै पक्षबीच जनशक्ति र विशेषज्ञताको आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यक्रमहरू अगाडि बढाउन र आँखा स्वास्थ्यका सम्बन्धमा जनचेतना अभिवृद्धि गरी रोकथामका उपायहरू अवलम्बन गर्ने कार्यमा सहकार्य हुने छ ।

त्यसैगरी नेपाल प्रहरी अस्पताल (प्रादेशिक अस्पतालहरू समेत) बाट रिफर भई आएका बहालवाला प्रहरी कर्मचारीहरूको आँखासम्बन्धी उपचार तथा शल्यक्रियाहरू नेत्रज्योति संघअन्तर्गतका आँखा अस्पतालहरूबाट निःशुल्क गरिने छ ।

उक्त समझदारीपत्र हस्ताक्षर कार्यक्रममा संघका महासचिव भरतबहादुर चन्दले नेपालबाट अन्धोपन निवारण गर्ने संघको योजनामा दुई संस्थाबीचको सहकार्यले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । जनताको सेवामा खटिने प्रहरीसँग सहकार्य गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउँदै उनले आगामी दिनमा सेवा विस्तारका लागि संघ सदैव तयार रहेको बताए ।

प्रहरी महानिरीक्षक दीपक थापाले शान्ति सुव्यवस्था कायम गराउन अहोरात्र खटिने प्रहरी कर्मचारीहरूलाई यस समझदारीले थप हौसला मिल्ने उल्लेख गरे । आगामी दिनमासमेत नेपाल प्रहरी र नेपाल नेत्रज्योति संघबचि थप सेवा विस्तारका लागि समन्वय तथा सहकार्य हुने विश्वास उनले व्यक्त गरे ।

समझदारीपत्रमा संघका तर्फबाट महासचिव भरतबहादुर चन्द, कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्र तथा नेपाल प्रहरी अस्पतालका तर्फबाट मेडिकल डाइरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. सुन्दरप्रसाद हयोजु, आँखारोग विभाग प्रमुख प्राविधिक प्रहरी उपरीक्षक डा. ज्योति बाँस्तोला पौडेलले हस्ताक्षर गरेका छन् ।

सन् १९७८ मा स्थापना भएको नेपाल नेत्रज्योति संघले २८ आँखा अस्पताल, २२४ आँखा उपचार केन्द्र, र ४५ जिल्ला शाखामार्फत वार्षिक ३० लाखभन्दा बढी व्यक्तिलाई आँखासम्बन्धी सेवा दिँदै आएको छ ।

# थामे बस्तीको पुनर्निर्माण गर्न सरकारको प्रतिबद्धता

■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** सरकारले जलवायु परिवर्तनजन्य विपद्‌बाट प्रभावित सगरमाथा क्षेत्रको थामे बस्तीको पुनर्निर्माण अघि बढाउने जनाएको छ । मंगलबार खुम्बु गाउँपालिका-५ थामेमा 'साथसाथै' नामक संस्थाले आयोजना गरेको आरोही सम्मेलनमा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले थामेको पुनर्निर्माणलाई सरकारले अपनत्व लिएको बताए ।

अन्तर्राष्ट्रिय पृथ्वी दिवसका अवसर पारेर आयोजित आरोही सम्मेलनमा मन्त्री शाहीले बाढीका कारण भत्किएको थामे बस्तीको अवस्थाबारे गहिरो चिन्ता व्यक्त गर्दै तत्कालीन पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणमा सरकारले स्पष्ट रणनीतिसहित कार्ययोजना अघि बढाउने प्रतिबद्धता जनाए ।उनले भने, 'हिमताल फुटेर आएको बाढीले थामेमा विनास निम्त्याएको छ । यो केवल स्थानीय प्राकृतिक घटना होइन, यो वैश्विक जलवायु परिवर्तनको असर हो । नेपालले कुनै गल्ती नगरे पनि जलवायु संकटको सजाय भोगिरहेको छ ।' मन्त्री शाहीका अनुसार यस्तो संवेदनशीलतालाई ध्यानमा राखी जलवायु न्यायको अन्तरराष्ट्रिय बहसमा नेपालले थप कडा आवाज उठाउनुपर्ने आवश्यकता छ । 'अब जलवायु संकटबारे केवल बहस होइन, कार्यान्वयनमुखी दृष्टिकोण आवश्यक छ,' उनले भने ।

कार्यक्रममा रक्षामन्त्री मानवीर राई, पर्यावरण तथा पर्वतारोहण क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, आरोही, वातावरणविद्, सञ्चारकर्मी र स्थानीय बासिन्दाको उपस्थिति छ ।

गत वर्षको भदौमा थामेमा हिमताल फुटेर आएको बाढीले थामेका दर्जनौं घरसँगै खेतीयोग्य जमिन, पुल, पदमार्ग, बिजुली लाइन, खानेपानी योजना र धार्मिक संरचनामासमेत क्षति पुऱ्याएको थियो । विस्थापित परिवार हाल अस्थायी टहरा र छिमेकीका घरहरूमा शरण लिएर बसेका छन् । सात महिना बितिसक्दा पनि पुनर्निर्माण अघि बढ्न सकेको छैन ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तनका कारण दुःख, कष्ट झेलिरहेका थामे क्षेत्रका बासिन्दालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । 'सगरमाथा संवाद'को पूर्वसन्ध्या सगरमाथा क्षेत्रको थामे गाउँमा आयोजित 'आरोही सम्मेलन, जलवायु न्यायका लागि संवाद' विषयक सम्मेलनलाई मंगलबार शुभकामना दिँदै ओलीले थामेवासीलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

उनले शुभकामना सन्देशमार्फत थामेमा आयोजित जलवायुपरिवर्तनसँग यस किसिमको सम्मेलनबाट प्राप्त निष्कर्षले 'सगरमाथा संवाद'को छलफललाई सार्थक र परिणाममुखी बनाउने आशा व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय पृथ्वी दिवसका अवसरमा जलवायु न्यायको क्षेत्रमा काम गर्दै आएको संस्था 'साथसाथै फाउण्डेसन'ले तिनै तहको सरकारको प्रत्यक्ष संलग्नतामा बाढी प्रभावित क्षेत्र थामेमा 'आरोही सम्मेलन, जलवायु न्यायका लागि संवाद' शीर्षकको कार्यक्रम आयोजना गरेको हो ।


## युएइमा रोजगार

कम्पनी : CMS PRINTING PRESS LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | LT. No. 322408 | चलानी नं. ६०२३६४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Binding & Finishing Operator | 2 | 0 | 1400 | ५२,०२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Book Binder- Offset Press Workers | 5 | 0 | 1200 | ४४,५९० | | | | | | | |
| 3 | Paper Cut Machine Operator | 2 | 0 | 1500 | ५५,७४० | | | | | | | |
| 4 | Printer | 3 | 0 | 2000 | ७४,३२० | | | | | | | |
| 5 | Supervisor | 2 | 0 | 3000 | १११,४७० | | | | | | | |
| 6 | Worker/packer | 3 | 0 | 1000 | ३७,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## MAURITIUS मा रोजगार

कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/०९ | LT. No. 303424 | चलानी नं. ६०२१०३५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 19 | 0 | 16665 | ५१,००० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 16665 | ५१,००० | | | | | | | |
| 3 | Helper | 7 | 0 | 16665 | ५१,००० | | | | | | | |
| 4 | Mason | 28 | 0 | 16665 | ५१,००० | | | | | | | |
| 5 | Operator Back Hoe Loader And Skid Steer Loader | 3 | 0 | 16665 | ५१,००० | | | | | | | |
| 6 | Steel Fixer | 5 | 0 | 16665 | ५१,००० | | | | | | | |
| 7 | Supervisor | 10 | 0 | 16665 | ५१,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख १७ गते (30th Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


## राजश्री से.ए.क्रे.को.सो.लि., प्रधान कार्यालय मलंगवा, सर्लाहीको

### गैर बैकिङ्ग (सकार) सम्पत्ति विक्री गरिने

## शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२/०१/१०**

यस संस्थाको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको स्वामित्वमा रहेको तपशिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्रको माध्यमबाट विक्री हुने भएकोले लिन चाहने व्यक्ति/संस्थाले आफुले दिने मुल्य समेत खुलाई निम्न शर्तहरुको अधिनमा रही मिति :- २०८२/०२/०८ गते सम्ममा यस संस्थाको प्रधान कार्यालय मलंगवा सर्लाहीमा आईपुग्नेगरी शिलबन्दी बोलपत्र दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. स. | हालको जग्गाधनीको नाम | पुर्व जग्गाधनीको नाम | जग्गा विवरण | जग्गाको न्युनतम मूल्य |
|---|---|---|---|---|
| १ | राजश्री से.ए.क्रे.को.सो.लि. मलंगवा, सर्लाही | धनिपत राय यादव | जि.सर्लाही मलंगवा, वार्ड नं. ९ क्रमश कि.नं. ५५, १०४ क्षेत्रफल ७६५.००, २४९०.०० | २७,००,०००/- अक्षेरेपि रु. सताईस लाख मात्र |

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र (शिल टेण्डर) फारम रु.२५०/- मा यसै संस्थाको प्र.का. मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिने छ ।
२. रीत नपुगेको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
३. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृत गर्ने अधिरकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहने छ ।
४. आफुले दिन चाहेको मूल्य अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ ।
५. संघ संस्थाको हकमा संस्थाको छाप अख्तियारनामा र निज अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य हुनु पर्दछ ।
६. शिल टेण्डर र खाममा लाहा छाप समेत लगाई दिनु पर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ दिन भित्र दाखिला गरि जग्गा नामसारी गराई सक्नु पर्नेछ ।
८. टेण्डर साथ आफुले दिन चाहेको मूल्यको न्यूनतम १० प्रतिशत रकम यसै संस्थाको नाउँमा रहेको लक्ष्मी सनराईज बैंक लि.मलंगवा शाखाको खाता नं.१२८११०००९९१ मा दाखिला गरि सो को सक्कल बैंक भौचर रसीद टेण्डर साथ राखेको हुनु पर्नेछ ।
९. टेण्डर मिति :- **२०८२/०२/०८** गते दिनको १० बजे देखि १२ बजे सम्म शिलबन्दी टेण्डर दर्ता गरिने र दिनको २ बजे यस संस्थाको प्रधान कार्यालय मलंगवा, सर्लाहीमा टेण्डर दाता र निजको साथै विभिन्न कार्यालयहरुको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।
१०. टेण्डर दर्ता अथवा खोलिने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन हुनेछ ।
११. अन्य जानकारी चाहेमा यसै संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र आई बुझ्न सकिने छ ।

## Ratnanagar Municipality
## Office of Municipal Executive
### Ratnanagar Chitwan, Nepal

## Notice for Invitation of Bid

First Date of publication: 2082-01-10 (23rd April, 2025)

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Constructions of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| SN | Name of Project | IFB No: | Bid security amount in Nrs. | Bid Document fee amount in NRs . | Estimated Amount without VAT and PS | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of asphalt road, rcc drain and other beautification works at ward 1 & 9. | RAT/CHITWAN/ works/NCB/ 31/2081-82 | 196000 | 3,000.00 | 59,68,959.12 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of Ratnanagar official website (http://www.ratnanagarmun.gov.np). The Last date of submission of bid is 22nd May 2025 (2082-02-08) till 12:00 noon time for NCB.

**Chief Administrative Officer**

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय**
## जिल्ला अस्पताल
**ओखलढुंगा, रुम्जाटार**
**कोशी प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१०, बुधबार**

यस जिल्ला अस्पताल ओखलढुंगा, रूम्जाटारमा स्वीकृत कायर्क्रम तथा अ.व्य.स. को निर्णयानुसार तपसिलका पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोके बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. **पद सम्बन्धि विवरणः**

| क्र. स. | विज्ञापन नं. | पद | समुह/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/०८१/८२ | डेन्टल सर्जन | आठौं तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थावाट वि. डि. एस. उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| २. | २/०८१/०८२ | अ.न.मी. | चौथो तह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण भई सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

२. **दरखास्त साथ संलग्न हुनुपर्ने विवरणः**
   (क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।
   (ख) आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि ।
   (ग) हाल सालै खिचेको २ (दुई) प्रति पासपोर्ट साइज फोटो ।
   (घ) राजस्व खाता नम्बरः २०७०१००२०२०६००० (राष्ट्रिय बाणिज्य बैंक)
   (ङ) रकम जम्मा गर्ने कार्यालयको कोड नम्बरः ३७००२१००११
३. **आवेदन दस्तुरः** आठौं तह । १०००।-, चौथो तह । ५००।-
४. **उमेरहदः** १८ वर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
५. **कार्य अनुभवः** समान पद तथा माथिल्लो पदको कार्य अनुभव तथा शैक्षिक योग्यता भएको उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ ।
६. **परीक्षाको किसिमः** आठौं तहको लागि (अन्तरवार्ता, चौथो तहको लागि लिखित र अन्तरवार्ता दुवै ।
७. **पारिश्रमिक तथा सेवा सुविधाः** विनियोजन बजेटको परिधि भित्र रहि आपसी सम्झौता अनुसार ।
८. **दरखास्त पेश गर्ने अन्तिम मितिः** सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन सम्म अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलि पल्ट कार्यालय समयमा ।
९. **परीक्षा मितिः** २०८२ बैशाख २५ गते ।
१०. **दरखास्त पेश गर्नु पर्ने स्थानः** जिल्ला अस्पताल ओखलढुंगा, रूम्जाटार ।
११. अन्य थप कुराको जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र अस्पताल प्रशासन शाखामा सम्पर्क गर्न सकिन्छ ।

**जिल्ला अस्पताल ओखलढुंगा, रुम्जाटार**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## पर्यटकमाथिको आक्रमण निन्दनीय

भारतको जम्मु–कश्मीरमा बन्दुकधारीहरूको आक्रमणमा परी कयौं पर्यटकको मृत्यु भएको छ । मंगलबार दिउँसो बन्दुकधारीहरूलाई गोली ताकीताकी हानेर पर्यटकको हत्या गरेको भारतीय मिडियाहरूले जनाएका छन् । भारतको ‘स्वीजरल्याण्ड’का रूपमा चिनिएको पाहलगाममा भएको यो घटनामा परी कम्तीमा २८ जनाको मृत्यु भएको पछिल्लो समाचारहरूमा उल्लेख छ ।

दैनिक भास्करको हिन्दी संस्करणका अनुसार सन् २०१९ पछि यहाँ यो नै सबैभन्दा डरलाग्दो आक्रामण भएको हो । बन्दुकधारीको आक्रामणमा परी ज्यान गुमाउनेमा एक जना नेपालीसमेत रहेको बताइएको छ । त्यसैगरी युएईका एक पर्यटक पनि घटनामा मारिएका छन् । धेरैका नाम र देश खुल्न सकेको छैन । घटनाको जिम्मा लस्कर ए तोइबाले लिएको जनाइएको छ । उनीहरूले पर्यटकलाई नाम सोधीसोधी आक्रमण गरेको बताइएको छ । सन् २०१९ को फेब्रुअरीमा यहाँ आत्मघाती आक्रमणमा परी ४० जनाको मृत्यु भएको थियो । त्यसैगरी सन् २०१६ को सेप्टेम्बरमा उरी आक्रमणमा परी १९ जना सेनाले ज्यान गुमाएका थिए ।

पाहलगाम श्रीनगरबाट करिब ९० किलोमिटर टाढा पर्छ, जुन पर्यटकहरूबीच लोकप्रिय गन्तव्यस्थल हो । पर्यटकीय क्षेत्रमा यसरी आक्रमण हुनु निन्दनीय हो । यस विषयमा जम्मु कश्मीरको प्रदेश सरकार भारत सरकार गम्भीर बन्नैपर्छ । कश्मीर क्षेत्रमा सन् १९८९ देखि चलिरहेको विद्रोहमा लडाकुहरू भारतबाट स्वतन्त्रता वा पाकिस्तानसँगको मिलनको पक्षमा छन् । साउदी अरेबिया उडेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाको निन्दा जनाएका छन् ।

गृहमन्त्री अमित शाहले दोषीलाई कडा सजाय दिने चेतावनी दिएका छन् । अनन्तनागस्थित अस्पतालमा केही घाइतेहरू पुऱ्याइएको छ, जसमा दुई जनालाई गोली लागेको र एक जनाको घाँटीमा गोली लागेको उल्लेख गरिएको छ । विपक्षी नेता राहुल गान्धीले यो घटनालाई ‘हृदयविदारक’ भन्दै संघीय सरकारले उत्तरदायित्व लिनुपर्ने माग गरेका छन् । भारत सरकारले पछिल्ला वर्षहरूमा कश्मीरलाई पर्यटन केन्द्रको रूपमा प्रवर्द्धन गर्दै आएको छ । सन् २०२४ मा झण्डै ३५ लाख पर्यटकले कश्मीर भ्रमण गरेका थिए ।

भारतले पाकिस्तानमाथि यस्ता आक्रमणमा सहयोग पुऱ्याएको आरोप लगाउने गरेको छ भने पाकिस्तानले कश्मीरको आत्मनिर्णयको अधिकारको समर्थनमात्र गर्ने बताउँदै आएको छ । जे जस्तो भए पनि यसरी पर्यटकीय क्षेत्रमा आक्रमण गर्नु निन्दनीय हो । यस्तो कार्यको घोर विरोध हुनुपर्छ ।

श्रम सरोकार

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# योजना निर्माणमा राजनीतिक रुचिलाई बेवास्ता गर्न सकिँदैन



■प्रा.डा. शिवराज अधिकारी

❝ मुलुकभित्र पूर्वाधारको क्षेत्रमा हाम्रो प्राथमिकता र कार्यान्वयनलाई प्रभावकारी बनाउने सन्दर्भमा कमजोरी देखिन्छ । हामीले वातावरण संरक्षणमा धेरै काम गरेका छौं । तर, कतै कतै अन्धाधुन्ध विकासको क्रम पनि देखिन्छ । विकासको मोडलमा केही फरक गर्नुपर्ने छ । दोस्रो सन्दर्भ हाम्रोमा परियोजनाको संख्या धेरै भयो । यसले लागत बढाउने काम गरेको छ । समय बढेको छ । वातावरण क्षयीकरण बढेको छ । मान्छेले दु:ख पाएको छ । प्रतिफल छुटिरहेको छ । अबको योजना विकासमा यी कुरालाई ध्यान दिनु आवश्यक छ ।

सबैजसो मुलुकले योजनागत विकास बनाएरै काम गरिरहेका हुन्छन् । नेपालमा भने कहिलेकाहीँ योजना किन आवश्यक पऱ्यो, यसको झन्झट सिर्जना गर्छ अथवा मुलुक संघीयतामा गइसकेपछि योजना आयोगको के काम भन्ने गरेको पनि सुनिन्छ । मेरो अनुभवमा भने राष्ट्रिय रूपमा बन्लान् वा नबन्लान् तर सबै मुलुकले कुनै न कुनै प्रकारको योजना बनिरहेकै हुन्छ । हरेक क्षेत्रमा योजना बनेकै हुन्छन् । सबै मुलुकले आफ्नो आवश्यकताका आधारमा योजना बनाउँछन् ।

नेपालमा योजनाबद्ध विकासको सुरुआत भएको सात दशकभन्दा धेरै भइसकेको छ । यस अवधिमा बनेका योजनाहरूका आ-आफ्नो प्रकारका विशेषता पनि छन् । कहिले योजना महत्त्वाकांक्षी बन्छन् । कहिलेकाहीँ जनताको आवाज र आशा बुझ्ने प्रयास गरिन्छ । त्यसबेला स्रोतको वास्ता गरेको देखिन्न । कहिलेकाहीँ राजनीतिक रूपमा बढी प्रभावित हुन्छ । कहिलेकाहीँ आर्थिक पक्षले कम स्थान पाउँछन् । यो सधैंभीर हुन्छ भन्ने होइन । कहिलेकाहीँ विनियोजन राम्रोसँग हुने, कहिलेकाहीँ राम्रोसँग अनुमान गर्ने काम हुन्छ ।

राम्रोसँग व्यवस्थित गरेर कुशल विनियोजन गर्न सकियो भने योजनाबाट राम्रो प्रतिफल प्राप्त हुन्छ । सरकारसँग जोडिएका कतिपय विषयले योजना कार्यान्वयनमा प्रभाव पार्छ । हाम्रो काम गर्न शैली, सोच्ने शैली, कामको अवधारणाले पनि योजना कार्यान्वयन कस्तो हुने भन्नेमा प्रभाव पर्छ । जनताले काम नगर्ने तर राज्यसँग बढी अपेक्षा गर्ने प्रवृत्तिसमेत रहेको छ । कतै आफैं काममा सक्रिय भएर राज्यलाई झक्झक्याउने कामसमेत हुने गर्छ । कुनै बेला राज्यप्रति बढी अपेक्षा गर्ने तर विश्वास नगर्ने विरोधावास पनि जनतामा हुने गर्छ । यी पक्ष कार्यान्वयनलाई प्रभाव पार्ने तत्वहरू हुन् । यी सैद्धान्तिक तत्व पनि हुन् ।

व्यवहारमा हेर्दा कार्यशैली र सोच्ने शैलीले नै धेरै प्रभाव पार्छ । कामलाई प्रक्रियामा रूपमा मात्र हेर्ने की लक्ष्य प्राप्तीलाई प्राथमिकता दिने समस्या देखिन्छ । नेपालको सन्दर्भमा पनि प्रक्रियामुखी काम बढी देखिन्छ । त्यसकै असरले अपेक्षाकृत विकास हुन नसकेको हो । यसको मतलब हुँदै नभएको भन्ने पनि होइन । अपेक्षाको तुलना वा अन्य मुलुकको तुलनामा कम भएको निश्चित हो । तर, विगतको कुनै कालखण्डसँग तुलना गर्ने हो भने अहिले राम्रै रफ्तारमा विकास भएको देखिन्छ ।

### योजनाबद्ध विकासको आवश्यकता

कहिलेकाहीँ प्रश्न उठ्छ, अहिले जति विकास भएको छ, यो सबै योजनाकै प्रतिफल हो त ? त्यो नहुन पनि सक्छ । किनकि हाम्रोमा योजनाबद्ध विकासबाट कति बन्यो, विनायोजना कति काम भयो भनेर अहिलेसम्म हेरिएको छैन । योजना नभए पनि स्वतः विकास हुन सक्छ । आर्थिक वृद्धिदर वा खर्चलाई मात्र हेरियो भने योजनाविनै काम गर्दा अझ राम्रो पनि हुन सक्छ । योजनाले वृद्धिदर र खर्चलाई मात्र हेर्दैन, खर्च ठीक ठाउँमा भयो कि भएन भनेर हेर्ने गर्छ । समानुपातिक विकास भयो कि भएन भनेर हेर्न काम पनि योजनाकै हो । गरिबी निवारण, असमानता घटाउने जिम्मेवारी पनि योजनाकै हो ।

नेपालको सन्दर्भमा पूर्वदेखि पश्चिमसम्म असमानता व्याप्त छ । उदाहरणका लागि आजभन्दा करिब दुई दशक अगाडिको एक अध्ययनले पूर्व र पश्चिमका बीचमा झण्डै ९९ वर्षको अन्तर थियो । त्यो अन्तर आजका दिनमा आइपुग्दा घटेको छ । यो घट्नुको अर्थ योजनाबद्ध विकास नै हो । योजनाबद्ध विकास नभएको भए राज्यको स्रोत पिछडिएको स्थानसम्म पुग्ने थिएन । किनकि स्रोत जहाँ विकास छ, त्यतितर्फ जान्छ । असमानता हटाउन योजनाले ठूलो भूमिका खेलेको हुन्छ । योजनाले दुर्गम र पिछडिएको क्षेत्रमा लगानी गर्न उत्प्रेरितमात्र गर्दैन, राज्यलाई बाध्य पनि गराउने काम गर्छ ।

### पूर्वाधार नै योजनाको मूल पक्ष

योजनामा समेटिने सबैभन्दा महत्त्वपूर्ण पाटो पूर्वाधार हो । पूर्वाधार विकासले आर्थिक वृद्धिसँगै जिवनस्तर उकास्नसमेत सहयोग गर्छ । यातायातका माध्यमबाट पिछडिएका बस्तीलाई विकासको मुलधारसँग जोड्ने काम गर्छ । आर्थिक सामाजिक रूपान्तरणमा पूर्वाधार आधारभूत तत्व हो । यसका लागि सबैभन्दा बढी योजनाको खाँचो पर्छ । पूर्वाधारले सधैं आर्थिक वृद्धि र विकासमा सहयोग गर्छ भन्ने हुँदैन । एउटा बिन्दुसम्म गइसकपछि पूर्वाधारले आर्थिक विकासमा जति योगदान गर्छ, त्यो घट्न थाल्छ । किनकि निश्चित पूर्वाधार भइसकेपछि मानवीय विकास, गुणस्तरीय जिवन, उत्पादन, रोजगारीमा ध्यान दिनुपर्ने हुन्छ ।

पूर्वाधारसँगै वातावरण संरक्षण जोडिएर आउँछ । जब पूर्वाधार निर्माणको काम अगाडि बढ्छ, त्यसपछि वातावरणमा केही न केही असर पर्छ । वातावरणमा कमभन्दा कम क्षतिमा पूर्वाधार बनाउने उद्देश्यबाटै वातावरणीय प्रभाव मूल्यांकनको काम गरिन्छ । तर, त्यसको दायरा कम हुन्छ । पूर्वाधार बन्दा ऊर्जा खपत बढ्छ, त्यसले तापक्रम वृद्धिमा योगदान गर्छ । यी सबै समस्या स्वाभाविकरूपमा आउँछ । विश्वको ट्रेण्ड हेर्ने हो भने तापक्रम वृद्धि र यसको न्यूनीकरणमा गर्नुपर्ने खर्चले गर्दा आर्थिक वृद्धिदरमा एकदेखि डेढ प्रतिशतसम्म कमी ल्याउने गर्छ ।

वातावरणको कुरा गर्दा भने विश्वव्यापी सम्पत्ति वा सार्वजनिक वस्तु हो । अन्य मुलुकले गर्न गतिविधिले हाम्रोमा पनि प्रभाव पार्छ । जब अरु मुलुकका कारण वातावरणमा नकारात्मक असर पर्छ, त्यसको असर हामीले पनि भोग्नुपर्छ । विगतमा विकसित मुलुकले वातावरणीय प्रभाव मूल्यांकन नगरी वातावरणको व्यापक दोहन गरी विकास गरे । अहिले हामीले वातावरणीय प्रभाव न्यूनीकरणका काम गर्दा विकास महँगो पर्न थालेको छ । त्यसको क्षतिपूर्ति कसले दिने ? हामीले वातावरण संरक्षण गर्ने, महँगो मूल्य तिरेर विकास गर्ने, यो परिपाटी पक्षपातपूर्ण छ । अब कतै न कतै हामीले पनि क्षतिपूर्ति पाउनुपर्छ । त्यो गर्न सकियो भने सबै मानव विकासको समान बाटोमा जान सक्छन् । एक पक्षले विनास मात्र गर्ने र अर्कोले संरक्षणमात्र गर्ने भन्ने हुँदैन ।

नेपालको हिमाली बस्तीले हिमाल संरक्षणमा ठूलो भूमिका खेलेको छ । पारस्थितिक प्रणाली सञ्चालन राख्न यसले ठूलो सहयोग गर्छ । त्यो सेवा विदेशी नागरिकले पाउँछ । हामीले संरक्षण गरेको हिमालले विश्वको ठूलो जनसंख्यालाई स्वच्छ खानेपानीमात्र उपलब्ध गराउँदैन, भारतबाट खरानीसहित आउने विशालु हावालाई पनि छेक्ने काम गरेको छ । तर, यसले हाम्रो हिमाल पगालिरहेको छ । यसबारे अब गम्भीर हुनुपर्ने छ ।

### योजना निर्माणका कमजोरी

मुलुकभित्र पूर्वाधारको क्षेत्रमा हाम्रो प्राथमिकता र कार्यान्वयनलाई प्रभावकारी बनाउने सन्दर्भमा कमजोरी देखिन्छ । हामीले वातावरण संरक्षणमा धेरै काम गरेका छौं । तर, कतै कतै अन्धाधुन्ध विकासको क्रम पनि देखिन्छ । विकासको मोडलमा केही फरक गर्नुपर्ने छ । दोस्रो सन्दर्भ हाम्रोमा परियोजनाको संख्या धेरै भयो । यसले लागत बढाउने काम गरेको छ । समय बढेको छ । वातावरण क्षयीकरण बढेको छ । मान्छेले दु:ख पाएको छ । प्रतिफल छुटिरहेको छ । अबको योजना विकासमा यी कुरालाई ध्यान दिनु आवश्यक छ ।

योजना आयोगले योजनाको प्रक्रिया, लागत, नीति र कार्यक्रममा एउटा योजना र अर्को योजनाबीचको घनिष्टतामा बढी ध्यान दिने गरेका छौं । हाम्रो ध्यान योजनाबाट मुलुकले थप फाइदा प्राप्त गर्न सकुन् भन्ने नै हो । कतै कतै एउटा कार्यक्रम र अर्को कार्यक्रमबीच विरोधाभाससमेत भेटिन्छ । यसले अवाञ्छित नतिजा निकाल्छन् । यसलाई हटाउनुपर्ने छ । विगतको अभ्यासबाट पाठ सिकेर आगामी दिनमा योजना विकासमा निखारिनुको विकल्प छैन । अब योजना विकासमा छुटाउनै नहुने पक्ष भनेको नयाँ प्रविधि, विचार र आइडियाहरूलाई समावेश गरी त्यसबाट लाभ लिनु हो । त्यसमा सरकार, निजी क्षेत्र वा समुदायमात्र अगाडि बढ्छु भनेर हुँदैन सबैले एकसाथ अगाडि बढ्नुपर्छ । संघीयता भइसकेपछि संघमात्र नभई प्रदेश र स्थानीय सरकारबीच समन्वय गर्दै, एक अर्कासँग दोहोरो नपर्नेगरी योजना बनाउनुपर्ने चुनौती छ ।

योजनाहरूलाई मध्यमकालीन खर्च संरचनामार्फत बजेटसँग जोड्ने हो । विगतमा यो काम त्यति प्रभावकारी भएको देखिँदैन । अब यसमा सुधार गर्न खोजिरहेका छौं । हामीले दुईवटा कुरालाई जोड्ने काम गरेनौं । प्राथमिकता विश्वभर नै एउटा प्राविधिक र अर्को राजनीतिक तवरबाट तय हुन्छ । हाम्रोमा प्राविधिक तहमा बढी केन्द्रित भयौं, राजनीतिक तवरको प्राथमिकतालाई योजनामा समट्ने सकेनौं कि ! त्यसकारण हामी पटक-पटक मन्त्री वा सचिवले आयोजनामा हस्ताक्षेप गरे भनिरहेका छौं । त्यो पक्ष पनि सम्बोधन गर्नुपर्छ । यसको अर्थ राजनीतिक कार्यक्रम वा योजना भनेर जे पनि समेट्नुपर्छ भन्ने होइन । राजनीतिक रुचि र विषयलाई बेवास्ता गरेर योजना बनाउने भन्ने हुँदैन ।

यसमा प्राविधिक र राजनीतिक दुवै पक्षलाई ब्यालेन्स गर्न सक्नु नै बुद्धिमानी मानिन्छ । यसमा छुट्टै बहस पनि चलाउनुपर्ने छ । विगतमा के भएको थियो भनेर नकारात्मक बहस गर्नुभन्दा त्यसबाट पाठ सिकेर अगाडि बढ्नुको विकल्प हामीसँग छैन । इमानदारीपूर्वक काम गर्दा त्यसमा सबैको समर्थन पनि हुन्छ ।

प्राथमिकता तयको सन्दर्भमा समपूरक अनुदानमा रहेको असमानता हटाउन योजना आयोगले काम थालिसकेको छ । अहिले समपूरक अनुदानमा ५० प्रतिशत संघ सरकार र ५० प्रतिशत सम्बन्धित स्थानीय सरकारले हाल्ने प्रावधान छ । तर, क्षमता हुन पालिकाले त ५० प्रतिशत राखेर योजना प्रस्ताव गर्न सक्छन् । तर, त्यो क्षमता नहुनेले त योजना नै राख्न सकेनन् । यसले असमानता बढायो । यो हिजो राजनीतिक योजना थियो होला, अब यो प्राविधिक तवरबाट सच्याउनुपर्ने भएको छ । हामी त्यसतर्फ अग्रसर भएका छौं ।

नेपालमा परियोजनालाई विगतमा बहुवर्षीय बनाउन बढी होडबाजी गरियो । बहुवर्षीय सकेसम्म कम गर्ने हो भने आयोजना कार्यान्वयनमा रहेका ढिलासुस्ती कम हुन्छन् । बहुवर्षीय हो भने त्यो कति वर्षको हो भन्ने पनि निश्चित गर्नुपर्छ । तर, आयोजना धेरै लामो समयसम्म लम्बिनरहने भएको छ । यो सुशासनको पाटो हो । यसमा कानुन, काम गर्ने शैली, पद्दति, फाइलहरू अड्किने समस्यामा सुधार चाहिएको छ । अर्कोतर्फ निजी क्षेत्र र निर्माण क्षेत्र पनि प्रतिस्पर्धी तथा सक्षम नहुँदा आयोजना कार्यान्वयनमा समस्या दोहोरिएका छन्, यसलाई सच्याउनुको विकल्प छैन ।

*(अधिकारी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुन् । आर्थिक पत्रकार समाजको ‘अर्थनीति’बाट साभार)*

# निराशाले देश बन्दैन सकारात्मक सोच चाहिन्छ



■ ज्वालाकुमारी साह

विगत दुई वर्षदेखि प्रतिनिधिसभामा रहँदै गर्दा कानुन निर्माणमै केन्द्रित भएँ । केही कानुनहरू बनिसकेका छन् । निजामती, शिक्षा, प्रहरी ऐनलगायतका कानुनहरू बन्ने क्रममा छन् । संसद्मा छलफलकै क्रममा छन् । शिक्षा, स्वास्थ्य, वेरोजगारी, महँगी, भ्रष्टाचार, महिला हिंसा, बाढी, पहिरो, भूकम्पलगायत समसामयिक विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम पनि गर्दै आएकी छु ।

नेपालको संविधान २०७२ मा महिला, आदिवासी, जनजाति, दलित, मुस्लिम, अपांगतालगायत उत्पीडित समुदायको अधिकार सुनिश्चित भएको छ । संविधानले नै स्थानीय तहलाई अधिकार दिएको छ । महिलाको सवालमा पनि विगतको तुलनामा सहभागिताको हिसाबले सुधार हुँदै गएको छ । अहिलेको संविधान पूर्णरूपमा महिलामैत्री छ । संघीय संसद्मा ३४ प्रतिशत महिलाको सहभागिता छ । प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिलाको सहभागिता रहेको छ ।

महिला सशक्तीकरणका लागि सरकारले नीति कार्यक्रम तथा बजेटमा समावेश गर्दै आएको छ । शिक्षा र स्वास्थ्यमा पनि सुधार भएको छ । संविधान संशोधन निर्वाचन प्रणालीमा गर्नुपर्छ । नेपालको निर्वाचन अत्यन्त महँगो भएको छ । सामान्य व्यक्तिले निर्वाचन लड्न नसक्ने अवस्था छ । त्यसैले निर्वाचन प्रणालीलाई संशोधन गरेर सरल र सहज बनाउन जरुरी छ । प्रदेशको संख्या घटाउने विषयमा पनि छलफल भइरहेको छ । प्रदेशमा मन्त्रीहरूको संख्या पनि घटाउने विषयमा छलफल भइरहेको छ ।

संघीयतालाई अझै सुदृढ र बलियो बनाउन सबै राजनीतिक दल एकै ठाउँमा उभिनुपर्छ । संघीयतालाई अझै बलियो बनाउने हो भने नेपाली कांग्रेस, एमाले, नेकपा माओवादी केन्द्र र मधेसीवादी सबै दलहरू एक ठाउँमा आउनुको विकल्प छैन ।

सरकारले कतिपय ठाउँमा राम्रो काम गर्न खोज्दा पनि विरोध गर्ने गरिन्छ । सरकारले गरेको राम्रा कामलाई राम्रो भन्न सक्नुपर्छ । जनतालाई दिने सेवामा तीव्रता कायम गर्दै आएको छ । भ्रष्टाचार अन्त्य गर्न एमालेले वडावडामा अभियान सञ्चालन गरेको छ । विपद्बाट प्रभावित नागरिकका परिवारलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर सरकारले काम अघि बढाएको छ ।

सरकारले पीडित परिवारलाई राहत, घाइतेको उद्धार र निःशुल्क उपचार, मृतकको परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनर्स्थापनाको काम गर्दै आएको छ । सरकारले बाढीपहिरोका कारण मृत्यु भएका ३९१ जनाको परिवारलाई जनही दुई लाख रूपैयाँका दरले राहत उपलब्ध गराएको छ । बाढीपहिरोबाट प्रभावित दुई हजार ५५५ परिवारलाई चार करोड ५० लाख रूपैयाँ प्रदान गरेको छ । संकटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा ४३ करोड रूपैयाँ विनियोजन गरेको छ ।

नेपालमा केही पनि गर्न सकिँदैन भन्ने भाष्य निर्माण गरिँदै छ । जुन गलत छ । नेपालमा धेरै सम्भावना छन्, धेरै गर्न सकिन्छ । अब सबैले देशमा धेरै छ र धेरै गर्न सकिन्छ भन्ने अभियान नै सञ्चालन गर्नुपर्छ । केही गर्न सकिँदैन भन्ने निराशाले देश बन्दैन । देश बनाउनका लागि सकारात्मक सोच हुनुपर्छ । अब नेपालमा रोजगारी छैन, उत्पादन हुँदैन भन्ने होइन, नेपालमै रोजगार छ, नेपालमै उत्पादन गर्न सकिन्छ भन्नुपर्छ ।

देशको व्यवस्थामात्रै होइन जनताको अवस्था पनि फेरिएको छ । विगतको तुलनामा विकासका काम धेरै भएका छन् । अहिले गाउँगाउँमा बाटो पुगेको छ । गाउँगाउँमा स्वास्थ्यचौकी स्थापना भएका छन् । गाउँगाउँमा बिजुली पुगेको छ । सूचना, सञ्चार प्रविधिको विकाससँगै गाउँगाउँमा इन्टरनेट पुगेको छ । शिक्षाको गुणस्तर पनि बढ्दै गएको छ ।

*(प्रतिनिधिसभा सदस्य साहसँग राससले गरेको कुराकानीमा आधारित)*

# सिराहा प्रादेशिक अस्पतालमा चिकित्सकको नियमित सेवाको माग

**सिरहा–** सदरमुकाम सिराहास्थित प्रादेशिक अस्पतालमा सेवाग्राहीले हैरानी भोग्नुपरेको जनाउँदै स्थानीय जनप्रतिनिधिको अगुवाइमा युवाहरूले तत्काल सुधारको माग गरेका छन् । उनीहरूले सोमबार अस्पताल परिसरमा भेला भएर सेवा प्रवाह, चिकित्सकको नियमित उपस्थिति, अस्पताल फार्मेसीको औषधि वितरण र मौज्दात विवरण सार्वजनिक गरिनुपर्नेलगायत मागसहित अस्पताल प्रमुखलाई तीनदिने 'अल्टिमेटम' दिँदै १९ बुँदे मागपत्र बुझाएका हुन् ।



अस्पताल प्रशासनलाई पटक-पटक मौखिक तथा लिखितरूपमा ध्यानाकर्षण गराउँदा पनि अस्पताल प्रशासनले नसुनेका कारणले बाध्य भएर विरोधमा उत्रनुपरेको सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले बताए । 'हामीले विगतदेखि अस्पताल सुधारका लागि पटक-पटक अस्पताल प्रशासनलाई ध्यानाकर्षण गरायौं,' उनले भने, 'तर मेडिकल सुपरिटेण्डेण्ट र अस्पताल विकास समितिका अध्यक्षले अस्पतालको गतिविधिमा अनियमितता, बिरामीले पाउनुपर्ने सेवा सुविधा, औषधि खरिद र वितरणमा कैफियत रोकिएन । सेवाग्राहीको गुनासोमात्र निरन्तर आइरहचो ।' आफूहरूको माग सम्बोधन नभए तीन दिनपछि अझ सशक्त विरोधका कार्यक्रम सार्वजनिक गरिने उनले जानकारी दिए ।

मागपत्रमा पछिल्लो तीन आर्थिक वर्षमा अस्पतालबाट खरिद गरिएका औषधिको हिसाब, बिरामीलाई वितरण भएको औषधिको विवरण, म्याद सकिएका औषधि, खरिद गरिएका प्रयोगशालाका सामानको हिसाब विवरण सार्वजनिक गर्न आग्रह गरिएको छ ।

त्यसैगरी, आमा सुरक्षा कार्यक्रम, एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) मार्फत सेवा लिएका बिरामीको विवरण र भएको खर्च, अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको नामावली र नियुक्तिसँग सम्बन्धित कागजात, अस्पतालका विभिन्न उपकरण खरिद बिक्रीमा रकम हिनामिना भएको जनाउँदै हरहिसाब मागिएको छ ।

अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको तलबभत्ता हरेक महिना दिने व्यवस्था गर्नुपर्ने, अस्पतालमा कार्यरत हरेक कर्मचारीको ड्रेस कोडको व्यवस्था हुनुपर्ने, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समयतालिकासहित सूचनापाटीमा टाँस्नुपर्ने माग गरेका छन् ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ४ वैशाखको राति अस्पताल अनुगमन गरेर फर्किएको चौथो दिन स्थानीय युवाहरूले अस्पताल सुधारको माग गर्दै तीनदिने अल्टिमेटमसहित मागपत्र बुझाएका हुन् । मुख्यमन्त्रीले अनुगमनका नाममा अस्पतालको भौतिक पूर्वाधार, रजिस्ट्रारलगायत सम्बन्धित कागजातमात्र हेरेर फर्किएको गुनासो युवाहरूले गरेका छन् । *रासस*

# विपद् न्यूनीकरणमा एकजुट हुन मुख्यमन्त्री पाण्डेको आग्रह

■ **प्रभाव संवाददाता**

**कास्की–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक विपद् न्यूनीकरण, खोज, उपचार र राहतलगायतका काममा सरोकारवाला सबै एकजुट हुन आग्रह गरेका छन् ।

सशस्त्र प्रहरी बलले मंगलबार पोखरा महानगरपालिका-३१ स्थित बेगनास तालमा गरेको विपद् प्रतिकार्य नमूना अभ्यासको अवलोकनपछि उनले गण्डकी प्रदेश प्राकृतिकरूपमा जति सुन्दर छ त्यति नै विपद्का दृष्टिले जोखिमयुक्त रहेको बताए ।

'तालैतालको सहर पोखरामा जलउत्पन्न प्रकोपका घटना बढी हुने भएकाले यसतर्फ प्रदेश सरकारको ध्यान केन्द्रित भएको छ,' उनले भने, 'फेवातालमा जस्तै उद्धार टावर बेगनास तालमा पनि निर्माण गर्न प्रदेश सरकारले काम अगाडि बढाएको छ ।' सशस्त्र प्रहरी बलको पोखरास्थित मुक्तिनाथ बाहिनीको संयोजन र कालिका गणको आयोजना भएको उक्त विपद् प्रतिकार्य नमूना अभ्यासले जलउत्पन्न प्रकोप न्यूनीकरणमा थप सहयोग पुऱ्याउने मुख्यमन्त्री पाण्डेले बताए ।

विपद्का घटना न्यूनीकरण गर्न गण्डकी प्रदेश सरकारले सबै सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा विपद् नमूना अभ्यास, तालिम, प्रतिकार्य र सामग्री हस्तान्तरणका कार्यक्रम सञ्चालनमा सहकार्य गर्दै आएको उनको भनाइ थियो । मुख्यमन्त्री पाण्डेले पानीजन्य विपद्को जोखिम न्यूनीकरण गर्न प्रदेश सरकारले सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गोताखोर तालिम सञ्चालन गरिएको जानकारी दिए ।

उनले स्थानीय समुदायलाई पनि विपद्को समयमा गर्नुपर्ने कार्यहरू तथा अपनाउनुपर्ने संयमताका बारेमा जानकारी गराउनुपर्ने उल्लेख गरे । 'सक्रिय तयारी, सुदृढ समन्वय र स्थानीय तहसम्म उद्धार क्षमताको विकासले विपद्बाट हुने ठूलो क्षति न्यूनीकरण गर्न सकिन्छ,' मुख्यमन्त्री पाण्डेले भने । उनले प्रदेशस्तरमा १० करोड रूपैयाँ नघट्नेगरी र जिल्लास्तरमा १० लाख रूपैयाँ नघट्नेगरी विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको जानकारी दिए ।

# भेरी अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा सुरु

**नेपालगञ्ज (प्रस)–** भेरी अस्पताल, नेपालगञ्जमा मंगलबारदेखि मिर्गौला प्रत्यारोपण सेवा सुरु गरिएको छ । अस्पतालका प्रमुख तथा मेडिकल सुपरिटेण्डेण्ट डा. निराजन सुवेदीले अस्पतालमा पहिलोपटक मिर्गौला प्रत्यारोपण हुन लागेको जानकारी दिए ।

उनले दुई जना बिरामीको मिर्गौला प्रत्यारोपण गर्न लागेको र त्यसका लागि सबै प्रक्रिया पूरा भएको बताए । 'एक जनाको प्रत्यारोपण सुरु भइसक्यो त्यो सकिएपछि अर्को हुन्छ,' डा. सुवेदीले भने । मिर्गौला प्रत्यारोपणका लागि सहिद धर्मभक्त माथेमा मानव अंग प्रत्यारोपण केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठसहित १४ जनाको टोली आएका छन् । डा. सुवेदीले अस्पतालको क्षमता बढाउँदै लगेपछि मिर्गौला प्रत्यारोपण गर्न टाढा जानुपर्ने अवस्थाको अन्त्य हुने बताए ।

उनका अनुसार महिनामा कम्तीमा एक जनाको मिर्गौला प्रत्यारोपण हुने र अस्पतालको जनशक्ति बढाउँदै लगिने छ । अस्पतालका युरोलोजी विशेषज्ञ, डा. दीपेश गुप्ता, एनेस्थेसिया डा. पारस पाण्डे, नेफ्रोलोजीतर्फ डा. शौरभ हमाल, युरोलोजीका डा. अञ्जित फुयाँल, डायलासिस इञ्चार्ज डा. पारस श्रेष्ठलगायतको टोलीले मिर्गौला प्रत्यारोपण गर्ने जनाइएको छ ।

अस्पतालमा हाल दैनिक २० देखि २५ जना मिर्गौलाका बिरामीले डायलासिस गर्दै आएका छन् । यहाँ मिर्गौला प्रत्यारोपण न्यूनतम शुल्कमा हुने र यसबाट बिरामीले लाभ लिने डा. सुवेदीको भनाइ छ । अस्पतालले पछिल्लो समय जलनका बिरामीका लागि छ शयचाको छुट्टै वार्ड, २० शयचाको सर्जिकल वार्ड, १६ शयचाको पोस्ट अपरेटिभ वार्ड, नयाँ ओपिडीसमेत सञ्चालनमा ल्याएको छ ।

# अस्थायी आवास निर्माण गर्न अनुदान वितरण

**काभ्रेपलाञ्चोक (प्रस)–** गत असोजको अविरल वर्षासँगै आएको बाढीपहिरोबाट पीडित भएका जिल्लाका सर्वसाधारणलाई अस्थायी आवास निर्माण गर्न सरकारले १० स्थानीय तहमा अनुदान वितरण थालेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत सरकारले दुई हजार ८९५ घरपरिवारलाई पहिलो किस्ताबापत २५ हजार रूपैयाँ प्रदान गर्ने प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए । 'माग भएअनुसार जिल्ला प्रशासन कार्यालयलाई रकम प्राप्त भएको र गत आइतबारदेखि प्रभावित परिवारलाई वितरण गरिरहेका छौं,' उनले भने ।

प्राधिकरणले दोस्रो किस्ताबापत २५ हजार रूपैयाँ उपलब्ध हुने जनाएको छ । पहिलो चरणमा महाभारत गाउँपालिकामा १७, बेथानचोकमा २३९ र नमोबुद्ध नगरमा ८२४ घर परिवारका लागि रकम माग गरिएको थियो ।

प्राधिकरणले निजी आवास पूर्णरूपमा क्षति भएको, आंशिक क्षति भएता पनि बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान उपलब्ध गराउने निर्णयअनुसार चरणबद्ध रूपमा अनुदान रकम निकासा गरिएको जनाएको छ ।


## हार्दिक समवेदना



जन्म मिति:
वि.सं. २००७

स्वर्गारोहण मिति:
वि.सं. २०८१/१२/२९

**स्व. विनोद उपाध्याय**

यस कम्पनीको अन्डरराइटिङ शाखा प्रमुख श्री रचना घिमिरेको बुबा **विनोद उपाध्याय** ज्यूको असामयीक स्वर्गारोहणबाट कम्पनी परिवार शोकाकुल एवं स्तब्ध भएका छौं।

उहाँको दु:खद निधन भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना अर्पण गर्दछौं।

SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.
SUN NEPAL LIFE INSURANCE COMPANY LTD.

**परिवार**



## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **GLOCAL WORKFORCE NEPAL PVT. LTD.** इजाजत नम्बर १७२२/०८१/०८२ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NO. |
|---|---|---|
| 1 | Bhupal Moktan | 87093 |
| 2 | Abinathi Kabi Dewan | 10-02-79-01516 |
| 3 | Saru Ghimire | 322080/459 |

Glocal Workforce Nepal
LIC. 1722/081/082

GLOCAL WORKFORCE NEPAL PVT. LTD.
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal,+9779801095962 (Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com



**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

## सूचना

प्रकाशित मिति: २०८२/०१/०९

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **Dream International H.R. Pvt. Ltd.** (ई.प.नं.१७३२/०८२) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०१/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम र शेयर संख्या |
|---|---|
| १. हिमान्सु अमात्य -००१ देखि ५०००० सम्म | १. हिमान्सु अमात्य -००१ देखि ३३४०० सम्म |
| २. हरेन्द्र दुलाल -५०००१ देखि ७५००० सम्म | २. सुरेन्द्र लामा - ३३४०१ देखि ६६७०० सम्म |
| ३. चेत बहादुर तिमल्सिना-७५००१ देखि १००००० | ३. चेत बहादुर तिमल्सिना - ६६७०१ देखि १००००० |



Province Government
Ministry of Physical Infrastructure and Development
**Urban Development and Building Office**
Bagmati, Province
Kathmandu

## Invitation For Bids(IFB)

Date of first publication :- 2082/01/10

1. The Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu invites electronic bids only from duly eligible and qualified registered bidders for the procurement of following works

a Under NCB Single Stage Single envelope/SQ

| S. N. | Contract Detail | Procurement Types | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amounts (Nrs.) | Bid document Price(Nrs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/SQ/22-81/82 (Central Prison Complex Infrastructure Construction, KMC-11, Sundhara, Kathmandu) | SQ | 1,285,519.72 | 38000 | 1000 |

2. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system *https://www.bolpatra.gov.np/egp* on or before 12.00 Noon; on 2082/01/25. Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
3. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at the office of Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu. Email id: *mopid3udboktm75@gmail.com*

**Office Chief**



Government of Bagmati Province
Ministry of Culture and Tourism
**Tourism Development Project Unit Office Kathmandu**
New Baneshwor, Kathmandu

## Invitation for Bids

Date of publication: 2082/01/10

1. The Tourism Development Project Unit Office Kathmandu (TDPUOK), Kathmandu invites bids from the duly registered eligible national bidders for the following works.

| Contract ID | Description of Work | Average Annual Turnover | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period |
|---|---|---|---|---|---|
| MOCT/ TDPUOK/ W/NCB/ 081/82-02 | Construction of Kiriya Putri Building at Banepa-9, Kavrepalanchowk | NRs.38.5 million | Rs. 5000 | Rs. 7,24,000 | 90 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank

| To Deposit cost of bidding document | | To deposit bid bond | |
|---|---|---|---|
| Account Name | Tourism Development Project Unit Office Kathmandu | Account Name | Kha-2-3, Dharauti A/C (Pr. Le. Ni. Ka.), Tripureshwor |
| Name of Bank | Rastriya Banijya Bank | Name of Bank | Rastriya Banijya Bank |
| Rajaswa khata No. | 1000100200010000 | Deposit Ac. No. | 1700100202030000 |
| Rajaswa Shirshak No. | 14229 | | |
| Office Code No. | 3250035013 | Office Code No. | 3250035013 |

**Information for Prebid and Opening**

| | |
|---|---|
| **Pre Bid Meeting** | 2082/01/30 Time: 11:00 AM |
| **Last Date of Submission** | 2082/02/09 Time: 12:00 PM |
| **Date of Opening** | 2082/02/09 Time: 1:00 PM |

3. Bidder can bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 (Ammendment-2073), and Public Procurement Regulation 2064 ($13^{th}$ amendment-2080). Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank guarantee shall be in format specified in bid documents otherwise rejected.
7. If the last date of submission and opening falls on a government/public holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. TDPUOK shall not be responsible for any costs or expenses incurred by bidders in connection with preparation or submission of Bids.
9. Complete set of Bidding Document in English is available online and can be downloaded from e-GP system of PPMO: www.bolpatra.gov.np/egp.



**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :- २०८२/०१/०९**

मिति २०८१।११।२३ गते प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | 11/LCM/ W/2081/082 | Construction Of Boundary Wall At Kailash Dham | Amrita Nirman Sewa Ramaroshan-05 Achham | ६,२८३,२६०.४४ |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## गण्डकी प्रज्ञा युवा पुरस्कार पौडेललाई

यस वर्षको गण्डकी प्रज्ञा युवा पुरस्कारबाट रंगकर्मी केदारनाथ पौडेल सम्मानित हुने भएका छन् । गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले आफ्नो स्थापना दिवसमा स्रष्टाहरूलाई सम्मान तथा पुरस्कृत गर्दै आइरहेको र यस वर्ष पौडेललाई सम्मान गरिने जानकारी दिए । नगद २५ हजार नगद राशी रहेको उक्त सम्मान गण्डकी प्रज्ञा प्रतिष्ठानको सभा हलमा आउँदो आइतबार प्रदान गरिनेछ । पौडेल लामो समयदेखि नेपाली रंगकर्ममा सक्रिय रहेका छन् ।



बुधबार, १० वैशाख २०८२ (Wednesday, April 23, 2025)

# 'के घर के डेरा : घर नं २' को पहिलो गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** दीपेन्द्र के खनाल निर्देशित चलचित्र 'के घर के डेरा : घर नं २' को पहिलो गीत सार्वजनिक भएको छ ।

जेठ २ गते रिलिज हुने चलचित्रको निर्माणपक्षले मङ्गलवार 'आँखा' बोलको गीत सार्वजनिक गरेको हो । रिकेश गुरुङको स्वर रहेको गीतमा राम अविरल विष्टको शब्द, एसडी योगीको सङ्गीत छ ।

प्रेम जोडीको कथा बोल्ने गीतको भिडियोमा चलचित्रका मुख्य कलाकारमध्ये खगेन्द्र लामिछाने र उपासना सिंह ठकुरी छन् । गीतको भिडियोमा प्रेमी र प्रेमिकाको आँखामा एक अर्काप्रति देखिएको प्रेम देख्न सकिन्छ ।



चलचित्र 'के घर के डेरा : घर नं २' सोसल ड्रामा हो । बुद्धि सागरको लेखन रहेको चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासना सिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, श्रृजना नापित, सन्जोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायत कलाकारलगायतको अभिनय छ । चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो ।

कृष्णबहादुर थापाको सिनेमामा छायाङ्कन रहेको छ । 'के घर के डेरा : घर नं २'को निर्मातामा नकिमउद्दिन, शरद श्रेष्ठ र किरण महर्जन छन् । कार्यकारी निर्माताको रूपमा युवराज कार्की छन् ।

# 'रेड २'मा रितेश देशमुख खलनायकको भूमिकामा

**मुम्बई–** अजय देवगन आगामी फिल्म 'रेड २'का लागि लिएर चर्चामा रहेका छन् । सो फिल्मको ट्रेलरले उनका फ्यानहरूमा उत्साह निकै बढाएको छ । यसमा तमन्ना भाटिया र वाणी कपूर मुख्य भूमिकामा छन् भने रितेश देशमुख खलनायकको भूमिकामा देखिने भएका छन् । चलचित्रलाई राजकुमार गुप्ताले निर्देशन गर्दैछन् ।

हालै फिल्मका निर्देशक राजकुमार गुप्ताले फिल्मको कलाकारको बारेमा खुलेर कुरा गर्दै सबैले तारिफ गरेका छन् । उनले खलनायकको भूमिकाका लागि रितेशलाई किन रोजे भन्ने पनि बताएका छन् । 'रेड २' का लागि रितेश देशमुखलाई कास्ट गर्ने बारे निर्देशकले भने, 'मलाई रितेशको काम सधैं मन पर्छ। हामी सबैलाई थाहा छ, चाहे त्यो हाँस्य भूमिका होस् वा खलनायकको भूमिका होस्, उनले सबै पात्रलाई उत्कृष्ट रूपमा निभाएका छन् । उनी वास्तवमा एक महान कलाकार हुन । गत वर्ष



मैले उनीसँग एउटा शृफ्लामा काम गरेँ, जसमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसपछि मैले उनीसँग फेरि एकपटक काम गर्ने निर्णय गरे ।'

उनले अगाडी भने, 'रेड २ को स्क्रिप्ट तयार भएपछि मैले उनलाई भेटेर स्क्रिप्ट सुनाएँ । उनलाई धेरै मन पर्यो, खलनायकको भूमिका मन पर्यो र यसरी उनी फिल्ममा जोडिए । उनी फिल्मको हिस्सा बनेकोमा म निकै खुसी छु ।'

उल्लेखनीय छ कि सन् २०१८ मा रिलिज भएको फिल्म 'रेड' बक्स अफिसमा सुपरहिट भएको थियो । फिल्मले पाएको राम्रो प्रतिक्रिया देखेर यसको सिक्वेलको काम सुरु गरिएको हो । सिक्वेलमा अजय देवगन 'अमेय पटनायक'को भूमिकामा देखिने छन् । जसमा रितेश देशमुख राजनीतिज्ञको भूमिकामा छन् । 'रेड-२' लाई भूषण कुमार, कुमार मंगत पाठक, अभिषेक पाठक र कृष्ण कुमारले निर्माण गरेका हुन् । चलचित्रलाई गुलशन कुमार र टी-सिरिजले प्रस्तुत गरेको हो । यो मे १ मा हलमा रिलिज हुँदैछ ।



# अप्रिलको पलेंटीमा प्रस्तुत हुंदै संगीता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांगीतिक पलैंटीको अबको श्रृखलामा संगीता राना प्रधान प्रस्तुत हुने भएकी छन् । पलैंटीमा सन् २००७ मा पहिलो खेप गीत सुनाएकी संगीता अब पलैंटी अप्रिल २५ र २६ गुन्जने भएकी हुन् ।

संगीताले शास्त्रीय गायनमार्फत पलैंटीलाइ शास्त्रीय सङ्गीत प्रस्तुत गर्नेछिन् । उनी पलैंटीको कलाकार टोलीका साथ खयाल, ठुमरी र केही आधुनिक गीतको अभ्यासमा जुटिरहेकी छन् । कार्यक्रममा खयाल र ठुमरीलाई पनि नेपाली भाषामै प्रस्तुत गर्ने उनको तयारी छ ।

१८ वर्षपछि पलैंटीमा एकल गायनको तयारीमा रहेकी संगीता उत्साहित रहेकी छन् । पलैंटी मार्फत श्रोता, दर्शकसँग बेलाबखत परिचित हुने मौका मिल्ने भएकोले यो मञ्चले आफूलाई आनन्दित बनाउने उनले बताइन् । 'खास गरी शान्ति ठटाल दिदीसँग यही मञ्चमा गरेको सहकार्य सम्झँदा म नोस्टाल्जिक बन्ने गर्छु' उनले भनिन् ।

२० वर्षदेखि पलैंटीको संयोजन गर्दै आएका सङ्गीतकार आभासले संगीताले गाउने केही ठुमरीमा सहकार्य गरेका छन् ।

आभास भन्छन्, 'यो पलैंटीमा शास्त्रीय सङ्गीत अथवा क्लासिकल र सेमी- क्लासिकलको मिश्रण हुनेछ । खयाल र ठुमरीको भाषा भने नेपाली नै हुनेछ । मैले संगीता प्रधानको अनुरोधमा केही ठुमरीलाई नेपालीकरण गरेको छु ।' संगीता प्रधान नेपाली सङ्गीतमा लामो समयदेखि क्रियाशील कण्ठ-शिल्पी हुन् । विश्वभारती विश्वविद्यालय शान्ति निकेतनबाट शास्त्रीय सङ्गीतको औपचारिक अध्ययन गरेकी उनले आधुनिक र फिल्मी गायनमा पनि छुट्टै पहिचान बनाएकी छन् ।

पलैंटीमा संगीताले अग्रज गीतकार कालीप्रसाद रिजाल, रत्न शमशेर थापा, मञ्जुल, निर्मोही व्यास, आरती नेवा, मन्जित तामाङ, आभासका शब्दहरूलाई गुन्जाउनेछिन् ।

## रंगशाला

# जेठ ३ बाट हेटौंडा मेयर कप वडास्तरीय फुटबल




■ प्रभाव संवाददाता

**हेटौंडा–** जेठ ३ गतेबाट हेटौंडा उपमहानगरपालिका मेयर कप वडास्तरीय फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । उपमहानगरको आर्थिक सहयोग एवम् नगर खेलकुद विकास समिति हेटौंडाको आयोजनामा सञ्चालन हुँदै आएको प्रतियोगिताको तयारी अघि बढाइएको आयोजकले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

हेटौंडास्थित पिप्ले-क्याम्पा रंगशालामा आयोजना हुने प्रतियोगिताको विजेताले २ लाख ५० हजार र उपविजेताले २ लाख रूपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ ।

यस्तै सर्वोत्कृष्ट खेलाडीले २० हजार तथा उत्कृष्ट फरवार्ड, मिडफिल्ड, डिफेन्स, गोलरक्षक र प्रशिक्षकले समान नगद १० हजार रूपैयाँसहित ट्रफी प्राप्त गर्ने नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेले जानकारी दिए । अघिल्लो वर्ष विजेताले २ लाख र उपविजेताले डेढ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेकोमा यो वर्ष पुरस्कार राशि बढाइएको हो ।

प्रतियोगितामा उपमहानगरभित्रका वडाहरूले मात्रै सहभागिता जनाउन पाउनेछन् । हेटौंडा उपमहानगरले हरेक वर्ष वडाबीच प्रतिस्पर्धा हुने गरी मेयर कप फुटबल प्रतियोगिताको आयोजना गर्दै आएको छ ।

'खेलको माध्यमबाट खेलाडी र वडाको बीचमा सहकार्यमा भावनाको विकास गराउनुका साथै खेल क्षेत्रको विकासका निम्ति प्रतियोगितालाई निरन्तरता दिँदै आएका हौं', नगर खेलकुद विकास समितिका अध्यक्ष घिमिरेले भने, 'मेयर कपको तयारीलाई अघि बढाउनुहुन १९ वटै वडा र खेलाडीहरूलाई अनुरोध समेत गर्न चाहन्छौं ।'

यस प्रतियोगिताका लागि उपमहानगरले २० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । अघिल्लो वर्ष भएको मेयर कप फुटबल प्रतियोगिताको उपाधि हेटौंडा ४ नम्बर वडाले जितेको थियो । पत्रकार सम्मेलनमा नगर खेलकुद विकास समितिका सदस्य सुनिल लोप्चन, विजय गौतम, यज्ञबहादुर राय विनोद, उपमहानगरका शाखा प्रमुख हरिचन्द्र सापकोटा लगायत उपस्थित थिए ।

# संस्कार क्रिकेट लिगको उपाधि नारायण स्पोर्टस्लाई

■ प्रभाव संवाददाता

**कैलाली –** कैलालीको धनगढीमा जारी टिम ११ संस्कार क्रिकेट लिग प्रतियोगिताको मंगलबार भएको फाइनल खेलको उपाधि नारायण स्पोर्ट क्लब कञ्चनपुरले जितेको छ ।

जितसँगै नारायण स्पोर्ट क्लबले नगद रु एक लाख ११ हजार एकसय ११ सहित ट्रफी प्राप्त गरेको छ । त्यस्तै उपविजेतामा बनेको युथ अफ टीकापुरले रु ५५ हजार ५५५ नगदसहित ट्रफी प्राप्त गरेको छ ।

फाइनल खेलमा युथ अफ टीकापुरलाई पाँच विकेटले पराजित गर्दै नारायणले उपाधि हात पारेको हो । टस जितेर पहिला ब्याटिङ गरेको युथ अफ टीकापुर १३ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै ७८ रनमा समेटिएको थियो ।

युथ अफ टीकापुरका लागि सुदीप साउँदले १६ तथा दिनेश रावतले १० रन बनाउनुबाहेक अन्य ब्याट्सम्यानको प्रदर्शन निरासाजनक रह्यो । टीकापुरलाई सस्तैमा रोक्न नारायणका नेहाल दास र सचिन भट्टले समान तीन/तीन विकेट लिए ।

७९ रनको लक्ष्य पछ्याएको नारायण स्पोर्ट क्लबले १२ ओभर खेल्दै पाँच विकेट गुमाएर पूरा गर्यो । नारायणका लागि राहुल चन्दले १७ तथा सुनिल चन्दले अविजित १६ रनको पारी खेले । बलिङतर्फ युथ अफ टीकापुरका सागर रावलले तीन विकेट लिए ।

संस्कार विद्याश्रम गोदावरी नगरपालिका-८ स्याउलेको आयोजनामा चैत ३० गतेदेखि सुरू भएको प्रतियोगितामा डोटी, कैलाली र कञ्चनपुरबाट १३ वटा टोली सहभागी रहेका थिए ।

प्रतियोगिताको वेष्ट ब्याट्स म्यान नारायण स्पोर्टका सुमित बुढाल भए । त्यसैगरी वेष्ट बलर उत्तर त्रिशुलका अनुप छेडाल घोषित हुँदा संस्कार विद्याश्रमका कप्तान रावल इमर्जिङ प्लेयर बनेका छन् ।

# स्वर्णपदक विजेता टोलीलाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं –** पाकिस्तानमा सम्पन्न 'आठौँ अन्तर्राष्ट्रिय पाकिस्तान आर्मी टिम स्परिट'मा नेपाली सेनाको स्वर्ण पदक विजेता टोलीलाई सम्मान गरिएको छ । प्रधानसेनापति अशोकराज सिग्देलले आज जङ्गी अड्डामा आयोजित एक कार्यक्रमबीच 'प्रधानसेनापति प्रशंसा निशान' द्वारा सुशोभित गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

अन्तर्राष्ट्रियस्तरको सैन्य अभ्यासमा उत्कृष्ट नतिजा ल्याई नेपाल र नेपाली सेनाको छवि एवं गौरव बढाउन पुऱ्याएको योगदानको उच्च मूल्याङ्कनस्वरूप प्रतियोगितामा सहभागी ११ जनालाई सम्मान गरिएको हो । उक्त सैन्य अभ्यास गत चैत २८ गतेदेखि यही वैशाख ५ गतेसम्म पाकिस्तानको पञ्जाब प्रान्तको खेरियान इलाकामा १६ राष्ट्रका २४ वटा अन्तर्राष्ट्रिय टोलीहरूको सहभागिता रहेको थियो ।

सैन्य अभ्यासमा सहभागी टोलीहरूबीच शारीरिक सहिष्णुता, मानसिक दृढता, पेसागत ज्ञान र रणकौशललगायत दक्षताहरूको परीक्षण गरिएको थियो ।



सन् २०१६ देखि वार्षिक रूपमा सञ्चालन हुँदै आएको अन्तर्राष्ट्रियस्तरको यस प्रतियोगितामा नेपाली सेनाले यस अघि सन् २०२२ मा समेत सहभागी भई स्वर्ण पदक प्राप्त गरेको थियो । सम्मान कार्यक्रममा बलाधिकृत, बलाध्यक्ष, रथीवृन्द, अधिकृत, पदिक तथा अन्य दर्जाको उपस्थिति रहेको थियो ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७९०० | प्रति तोला – ० | प्रति तोला – १९७० |

## ऊर्जामन्त्री खड्का र भारतीय समकक्षीले गरे अरूण तेस्रो आयोजनाको अवलोकन



■ प्रभाव संवाददाता

**काठमाडौं** – ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास तथा शहरी मामिलामन्त्री मनोहरलाल खट्टरले अरुण तेस्रो जलविद्युत् आयोजनाको स्थलगत अवलोकन गरेका छन् ।

दुईदिने भ्रमणका क्रममा आज नेपाल आएका खट्टरले भारतीय लगानीमा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको पावर हाउस र बाँध क्षेत्रको स्थलगत अवलोकन गरेका हुन् । सोही अवसरमा उहाँहरूले आयोजनाको 'युनिट-२' को संयुक्त रूपमा उद्घाटन गर्नाका साथै वृक्षरोपण गरे ।

अवलोकनका क्रममा मन्त्रीद्वयले हालसम्मको आयोजनाको प्रगति र आयोजना निर्माणका क्रममा देखिएका समस्याका बारेमा ठेकेदार कम्पनीसँग जानकारी लिएका थिए ।

ऊर्जामन्त्री खड्काले नेपालको ऊर्जा क्षेत्रको विकासमा भारत सरकारले गरेको सहयोगप्रति धन्यवाद दिए । 'अरुण तेस्रो देशकै महत्वपूर्ण जलविद्युत् आयोजना भएकाले सरकारले यसलाई उच्च प्राथमिकता दिएको छ, सरकारले कुनै कमी हुन दिँदैन,' मन्त्री खड्काले भने ।

भारतका विद्युत्मन्त्री खट्टरले नेपाल जलविद्युत्को क्षेत्रमा अपार सम्भावना भएको मुलुक भएकाले ऊर्जा क्षेत्रबाटै समृद्धि हासिल गर्न सकिने बताए । उनले अरुण तेस्रो जलविद्युत् आयोजना चाँडो सम्पन्न गर्न सके दुवै देशलाई फाइदा हुने भएकाले समयमै सक्नुपर्नेमा जोड दिए । भारत सरकार नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न तयार रहेको उनको भनाइ थियो ।

संखुवासभाको मकालु र चिचिला गाउँपालिकाको सिमानामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजना ९०० मेगावाट क्षमताको छ । उक्त आयोजना विसं २०७५ वैशाखमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा शिलान्यास गरेका थिए । रु एक खर्ब चार अर्ब लागतमा निर्माण सम्पन्न हुने उक्त आयोजना निर्माणको ठेक्का भारतीय सतलज हाइड्रोपावर कम्पनीले लिएको छ ।

## मर्स्याङ्दी जलविद्युत्बाट प्रभावितलाई मुआब्जा

■ प्रभाव संवाददाता



**तनहुँ**– जिल्लाको आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट प्रभावित १९ परिवारलाई मुआब्जा वितरण गरिएको छ । केन्द्रका अनुसार १४ परिवारका जग्गा र पाँच घरसहित नौ रोपनी १० आना दुई पैसा तीन दाम जग्गा अधिग्रहण गरेपछि मुआब्जा वितरण गरिएको हो ।

जग्गा अधिग्रहणका लागि रु २१ करोड ७८ लाख ८५ हजार ९६७ रकम प्रदान गरिएको केन्द्रका प्रमुख इञ्जिनियर पशुपति गौतमले जानकारी दिए । उनका अनुसार जग्गाका लागि रु १७ करोड ८७ लाख ८६ हजार छ सय ५२ र घर टहराका लागि रु तीन करोड ९० लाख ९९ हजार ३१५ वितरण गरिएको छ ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मुआब्जा निर्धारण समितिको बैठकको निर्णयअनुसार प्रतिरोपनी रु एक करोड ८४ लाख ९२ हजार ६८० का दरले जग्गाको मुआब्जा निर्धारण गरिएको थियो ।

आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटका बासिन्दा डुबानमा परेपछि मुआब्जाका लागि आन्दोलन गर्दै आएका थिए । अहिले मुआब्जा पाएपछि प्रभावित बासिन्दा खुसी भएका छन् ।

केन्द्रको बाँध किनारमा रहेका स्थानीयको जग्गा स्थायी रूपले प्राप्त गर्नका लागि निर्धारण गरिएको मुआब्जा वितरण कार्य पूरा भएको केन्द्रका प्रमुख गौतमले जानकारी दिए । उनका अनुसार ६९ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको आयोजनाको बाँधले सो क्षेत्रको बस्ती डुबान र कटानमा परेपछि जग्गा अधिग्रहण गरिएको हो ।

मानवीय क्षति हुने खतरा देखिएकाले त्यस ठाउँका सर्वसाधारणले मुआब्जा दिएर सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्दै आएका थिए । मुआब्जा पाउन संघर्ष गर्नुपरेको भन्दै ढिलै भएपनि मुआब्जा पाएपछि प्रभावित बासिन्दा खुसी भएका आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए ।

## नेप्सेमा सामान्य गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा नौ दशमलव ९६ अङ्कको गिरावट आएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ३६ प्रतिशतले घटेर दुई हजार छ सय ८८ दशमलव ३२ को विन्दुमा कायम भएको हो । ३१९ कम्पनीको दुई करोड २५ लाख ५५ हजार ७१३ कित्ता शेयर ७१ हजार ६९४ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३२ करोड १२ लाख ८२ हजार १८८ बराबरको कारोबार भएको छ । कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ७९, उत्पादन तथा प्रशोधन समूह एक दशमलव १८ र अन्य समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ ।


## भृकुटीमण्डपमा नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला हुँदै

**काठमाडौं (प्रस)**– 'नेपाली वस्तुको प्रवर्द्धन, समृद्ध नेपाल निर्माण' भन्ने मुख्य नारासहित १० औं नेपाल अन्तरराष्ट्रिय व्यापार मेला २०८२' आयोजना गरिने भएको छ । यही वैशाख २५ गतेदेखि २९ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने उक्त मेलाको सम्पूर्ण तयारी पूरा भएको आयोजक नेपाल उद्योग वाणिज्य महासंघले मंगलबार पत्रकार सम्मेलनमार्फत जानकारी दिएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघको आयोजना तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोग र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टिइपीसी), ललितपुर उद्योग वाणिज्य संघ, नेपाल हस्तकला महासंघको सहकार्यमा मेला आयोजना गरिँदैछ । आयोजकका अनुसार मेलामा नेपालसँगै मुख्यगरी चीन, भारत, पाकिस्तान, बंगलादेश, थाइल्यान्डलगायत देशका उद्योगी-व्यवसायीहरू सहभागी हुनेछन् । यो वर्षको मेलामा स्वदेशी तथा विदेशी गरी २५० भन्दा बढी स्टल राखिनेछन्, जहाँ विभिन्न वस्तु तथा सेवाको प्रदर्शनी गरिनेछन् । आयोजकहरूले २० हजारभन्दा बढी अवलोकनकर्ता मेलामा आउने अपेक्षा राखेको छ । महासंघका अनुसार मेलामा हस्तकला, पर्यटन, सूचना प्रविधि, कृषि उत्पादन, ऊर्जा, भवन निर्माण, व्यावसायिक शिक्षा तथा विद्युतीय सवारीसाधनजस्ता विभिन्न क्षेत्रका सामग्री प्रदर्शित हुनेछन् । साथै, मेलाका अवसरमा विभिन्न देशका व्यापारिक प्रतिनिधिसँग प्रत्यक्ष भेटघाट, द्विपक्षीय व्यापार प्रवर्द्धन तथा लगानीका सम्भावनामा पनि छलफल हुनेछ ।

## कर्पोरेट

### ग्लोबल आइएमई बैंकको रूफटप सोलार कर्जा योजना




**काठमाडौं (प्रस)**– ग्लोबल आइएमई बैंक लिमिटेडले पृथ्वी दिवसको अवसरमा औद्योगिक र व्यावसायिक भवनमा सोलार सिस्टम जडानलाई प्रोत्साहन गर्न रूफटप सोलार कर्जा योजना सार्वजनिक गरेको छ । यस कर्जाको मुख्य उद्देश्यहरू नविकरणीय ऊर्जाको पहुँच विस्तार गर्ने, जलविद्युत् ऊर्जा आपूर्तिमा निर्भरता घटाउँदै ऊर्जा सुरक्षा सुनिश्चित गर्ने र ऊर्जा खपत कम गर्दै वातावरणीय प्रभाव न्यूनीकरण गर्ने रहेका छन् । यो कर्जाबाट उत्पादनमूलक उद्योग तथा व्यवसायहरू जस्तै होटल, हस्पिटल, कोल्ड स्टोर, हाउजिङ्ग कम्पनी, व्यापारिक भवन, शैक्षिक संस्थाहरूले प्रत्यक्ष लाभ लिन सक्नेछन् । बैंकले वातावरणीय प्रभाव न्यूनीकरण गर्दै दिगोपन तर्फ अग्रसर हुन रूफटप सोलार कर्जा योजना सार्वजनिक गरेको हो ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३८५ एटिएम, २२१ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

### महालक्ष्मीमा सबैभन्दा कम कोषलागत

**काठमाडौं (प्रस)**– महालक्ष्मी विकास बैंक आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासको अन्त्यसम्मको वित्तीय विवरण अनुसार सबैभन्दा कम कोष लागत भएको विकास बैंक बनेको छ । बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्त सम्म कोष लागत प्रतिशत ५.०४ प्रतिशत रहेको छ । पछिल्लो आर्थिक वर्षको सोही अवधीमा बैंकको कोष लागत प्रतिशत ७.६२ प्रतिशत रहेको थियो । कोष लागत प्रतिशत कम हुँदा सोको सकरात्मक असर आधार दरमा समेत परेको

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

छ जसअनुसार बैंकको आधार दर चैत्र मसान्त सम्म ७.१४ प्रतिशत रहेको छ जुन प्राय बैंकहरू भन्दा कम रहेको छ । बैंकको आधार दर कम हुँदा ऋणीले लिने ऋणको ब्याजदर समेत कम हुने हुँदा सोको लाभ ऋणीहरूले लिन सक्छन् ।

त्यसैगरी नेपाल राष्ट्र बैंकले तोकेको न्यूनत्तम पुँजी कोषको तुलनामा महालक्ष्मी विकास बैंकको न्यूनत्तम पुँजी कोष आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्त सम्म १५.७५ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०८०/८१ चैत्र मसान्तमा १२.७५ प्रतिशत रहेको थियो । न्यूनतम पुँजी कोष बढी भएको अवस्थामा बैंकहरूलाई जोखिम व्यवस्थापन गर्न सहज हुन्छ । यसरी बैंक पुँजीको हिसाबले सबल रहेको र आगामी दिनहरूमा व्यवसाय विस्तार गर्नलाई समेत पुँजीको अभाव नरहने देखिन्छ ।

चट्याङ्गबाट बचौं र बचाऔं

आकाशमा बिजुली चम्कँदा र गडयाङ्गगुडुङ्ग हुँदाः

- घरभित्रै बसौं,
- रूख वा बिजुलीको पोलमुनी नबसौं,
- पौडी खेल्ने, डुंगा चलाउने तथा खेतबारीमा काम नगरौं,
- सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखि निहुरिएर बसौं,
- टेलिफोन, मोबाईल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं,
- झ्याल, भऱ्याङ्ग, बुइँगल, बरण्डाको ग्रील, बारलगायात धातुजन्य वस्तु नछोऔं,

चट्याङ्ग लागेमा तुरुन्तै नजिककैको स्वास्थ्य संस्थामा लैजाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ